नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७८/७९

मितिः २०७९/३/८

चलानी नं.:- ५५१

श्री स्थानीय तह (सवै) ।

विषयः बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकारले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ जारी गरेको व्यहोरा अवगत नै छ । सो निर्देशिकाले स्थानीय तहहरूले अवलम्वन गर्ने योजना तर्जुमा, बालबालिकासँग सम्बन्धित नीति निर्माण र निर्णय प्रक्रियामा बालबालिका, उनीहरूका अभिभावक तथा बालबालिकासँग सरोकार राख्ने संघ संस्थाहरूको सहभागिता र उनीहरूको भूमिका सुनिश्चित गरी बालमैत्री शासन पद्धति स्थापित गर्ने लक्ष्य लिएको छ। यस सन्दर्भमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेका न्यूनतम् सूचकहरूका साथै स्थानीय तहले थप गरेका अतिरिक्त सूचकहरू समेत हासिल गर्ने, स्थानीय तहमा बालमैत्री शासन कार्यान्वयन गर्ने र बालमैत्री वडा, गाउँपालिका व नगरपालिका घोषणा गर्ने प्रक्रियामा सहजीकरण गर्ने प्रयोजनको लागि **बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९** मा. मन्त्रीस्तरको मिति २०७७९/०२/११ निर्णयानुसार स्वीकृत भई कार्यन्वयनमा आएको व्यहोरा अनुरोध छ ।

(नमराज वाग्ले)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः- **बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९** Website मा Upload गरिदिनु हुन ।

# बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

परिच्छेद- १

## प्रारम्भिक

१. <u>पृष्ठभूमिः</u>

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका समझदारी तथा प्रतिवद्धता कार्यान्यवन गर्ने सन्दर्भमा बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख गरिएका बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बालअधिकारका मूलभूत विषयलाई सम्बोधन गरी बालअधिकार सुनिश्चित गर्नु राज्यको दायित्व भएको छ । यस परिप्रेक्ष्यमा नेपाल सरकारले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ जारी गरी बालमैत्री स्थानीय शासन प्रणाली प्रवर्द्धनको अभियानलाई निरन्तरता दिएको छ । यसले स्थानीय तहहरूले अवलम्वन गर्ने योजना तर्जुमा, बालबालिकासँग सम्बन्धित नीति निर्माण र निर्णय प्रक्रियामा बालबालिका, उनीहरूका अभिभावक तथा बालबालिकासँग सरोकार राख्ने संघ संस्थाहरूको सहभागिता र उनीहरूको भूमिका सुनिश्चित गरी बालमैत्री शासन पद्धति स्थापित गर्ने लक्ष्य लिएको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेका न्यूनतम् सूचकहरूका साथै स्थानीय तहले थप गरेका अतिरिक्त सूचकहरू समेत हासिल गर्ने, स्थानीय तहमा बालमैत्री शासन कार्यान्वयन गर्ने र बालमैत्री वडा, गाउँपालिका व नगरपालिका घोषणा गर्ने प्रक्रियामा सहजीकरण गर्ने प्रयोजनको लागि यो कार्यविधि तयार गरिएको छ ।

२. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम “बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९” रहेको छ ।

(२)यो कार्यविधिको मूल प्रावधानमा प्रतिकुल परिवर्तन नहुने गरी स्थानीयस्तरको विविधतालाई सम्वोधन गर्ने गरी स्थानीय तहले यस कार्यविधिमा उल्लिखित पद्धतिमा आवश्यक परिमार्जन गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(३) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

३. <u>परिभाषाः</u> विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका सम्झनु पर्दछ।यस शब्दले गाउँपालिका र नगरपालिकाको वडा समेतलाई बुझाउने छ।

(ख) “नगरपालिका” भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका सम्झनु पर्दछ।

(ग) "निर्देशिका" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ सम्झनु पर्छ।

(घ) "विषयगत शाखा" भन्नाले गाउँपालिका/नगरपालिका रहने विषयगत महाशाखा, शाखा, सेवा केन्द्र, इकाईहरूलाई सम्झनु पर्छ।

(ङ) "प्रदेश मन्त्रालय" भन्नाले स्थानीय तहको सम्पर्क मन्त्रालयको रूपमा कार्य गर्ने सम्बन्धित प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(छ) "अनुगमन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयनको सन्दर्भमा जिल्ला समन्वय समिति, प्रदेश सरकार र मन्त्रालयको तर्फवाट स्थानीय तहको अनुगमन गर्न जाने समिति सम्झनु पर्छ ।

(ज) "सामुदायिक वा नागरिक संस्था" भन्नाले स्थानीयस्तरमा सामुदायिक कार्यमा संलग्न आमा समूह, महिला समूह, टोल विकास संस्था, बाल अधिकारका क्षेत्रमा क्रियाशील संघसंस्था वा यस्तै कार्यमा संलग्न सँगठित औपचारिक वा अनौपचारिक विभिन्न समूह वा गैर सरकारी संस्थालाई सम्झनु पर्छ ।

(झ) "बालक्लब" भन्नाले विद्यालय तथा समुदायमा रहेका बाल अधिकारको विषयमा क्रियाशील बालबालिकाको औपचारिक वा अनौपचारिक समूह सम्झनु पर्दछ ।

(ञ) "बालक्लब सञ्जाल" भन्नाले स्थानीय विद्यालय, समुदायमा रहेका बालक्लबहरूको वडा तथा गाउँपालिका/नगरपालिकास्तरमा रहने समूहको सञ्जाललाई सम्झनु पर्दछ।

४. **<u>उद्देश्यः</u>** यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

(क) बालमैत्री स्थानीय शासन अवलम्बन गरेका गाउँपालिका तथा नगरपालिका र तिनका वडाहरूलाई बालमैत्री गाउँपालिका तथा नगरपालिका र वडा घोषणा गर्न आवश्यक सूचना, विधि तथा प्रकृयाका बारेमा जानकारी दिने ।

(ख) बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन तथा घोषणाको लागि सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकार र मन्त्रालयले गर्ने अनुगमनका सुचक र प्रक्रिया निर्धारण गर्ने ।

(ग) बालमैत्री स्थानीय तह घोषणाको लागि अनुगमन प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउने ।

(घ) बालमैत्री स्थानीय शासन अवलम्वन, कार्यान्वयन र घोषणामा सहजीकरण गर्ने।

५. **कार्यविधिको अवलम्बन**: बालमैत्री स्थानीय शासन कार्यान्वयन र घोषणामा यस कार्यविधिको अबलम्बन गर्नुपर्नेछ। यसका प्रयोगकर्ताले बालमैत्री स्थानीय शासन अवलम्बन, घोषणाको प्रक्रिया, प्रतिफल र नतिजाका बारेमा व्याख्या तथा दिगोपनका लागि आ-आफ्नो जिम्मेबारी पुरा गर्नुपर्नेछ । यस कार्यविधिको प्रयोग देहायका व्यक्ति वा निकायले गर्नेछन्:

(क) बालमैत्री स्थानीय शासन पद्धति कार्यान्वयनमा सम्बन्धित रहने स्थानीय बालमैत्री स्थानीय शासन समिति,

(ख) वडा, गाउँपालिका तथा नगरपालिका र तिनका निकायहरू,

(ग) स्थानीय बाल क्लब, बाल क्लब सञ्जाल,

(घ) स्थानीय बाल अधिकार समिति,

(ङ) बालमैत्री स्थानीय शासनमा सरोकार राख्ने नेपाल सरकार तथा प्रदेश सरकारका निकाय,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र विकास साझेदार,

(छ) निजी क्षेत्र, नागरिक समाज, सामुदायिक संस्थाहरू,

(ज) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेको भूमिका निर्वाह गर्ने अन्य निकायहरू।

## परिच्छेदः २

## बलमैत्री स्थानीय शासनको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र समीक्षा

६. **शासकीय पद्धतिमा एकीकरण:** (१) बालमैत्री स्थानीय शासनलाई शासकीय पद्धतिमा एकीकरण गरी प्रभावकारी रूपमा अवलम्बन गर्न स्थानीय तहले देहायको प्रबन्ध गर्नुपर्नेछः

(क) समग्र शासकीय पद्धतिमा बाल अधिकारको संरक्षण र प्रवर्द्धन अन्तर्गत रहने सबै अधिकारलाई अंगीकार र एकीकरण गर्ने,

(ख) स्थानीय तहको संस्थागत व्यवस्था र मातहतका निकाय एवम् कार्य पद्धतिमा बालबालिकाका सवाल, चाहना र भावनालाई एकीकृत गर्ने,

(ग) स्थानीय तहको शासकीय इकाईमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

(घ) बाल सरोकार विषयलाई योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्मका चरणमा एकीकृत गर्ने,

(ङ) स्थानीय तहको नीतिगत, संरचनागत, संस्थागत र प्रक्रियागत पक्षमा बालमैत्री स्थानीय शासनलाई समष्टिगत रूपमा समेट्ने,

(च) बालमैत्री स्थानीय शासकीय पद्धतिले स्थानीयस्तरमा सञ्चालन हुने बालबालिकासँग सम्बन्धित विभिन्न क्रियाकलापहरूको पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने पद्धतिको सुदृढीकरण गर्ने।

७. **कार्यान्वयन सहजीकरण समितिः** बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यन्वयनमा सहजीकरण गर्न प्रर्त्यक गाउँपालिका तथा नगरपालिकामा देहाय बमोजिमको कार्यान्वयन सहजीकरण समिति रहने छ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत, | संयोजक |
| (ख) सामाजिक विकास शाखा प्रमुख, | सदस्य |
| (ग) स्वास्थ्य शाखा प्रमुख, | सदस्य |
| (घ) शिक्षा शाखा प्रमुख, | सदस्य |
| (ङ) योजना तथा अनुगमन शाखा प्रमुख, | सदस्य |
| (च) कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख, | सदस्य |
| (छ) खानेपानी, सरसफाई एवम् विपद् व्यवस्थापन सम्बन्धी शाखा प्रमुख, | सदस्य |
| (ज) साझेदार गैर सरकारी संस्थाको प्रतिनिधि, | सदस्य |
| (झ) स्थानीय बालक्लब सञ्जालबाट दुईजना (बालक १ र बालिका १) प्रतिनिधि | सदस्य |
| (ञ) स्थानीय बाल कल्याण अधिकारी, | सदस्य |
| (ट) बाल क्लबका पूर्व सदस्य (संयोजकले तोकेको एक जना प्रतिनिधि) | सदस्य |
| (ठ) बाल क्लब सञ्जालको संयोजक, | सदस्य |
| (ड) स्थानीय विद्यालयका प्रधानाध्यापक मध्ये संयोजकले तोकेको एक जना, | सदस्य |
| (ढ) महिला,बालबालिका शाखा प्रमुख वा बालमैत्री सम्पर्क शाखाको प्रमुख, | सदस्य सचिव |

८. **समितिको काम, कर्तव्य र अधिकारः** बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन र प्रवर्द्धनको लागि दफा ७ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बालमैत्री स्थानीय शासनको वार्षिक स्वीकृत कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(ख) साझेदार संस्थाबाट हुने लगानीलाई सूचक प्राप्तिको लागि एकीकृत योजना बनाई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

(ग) बालमैत्री स्थानीय शासनको लागि स्रोत तथा लगानीको क्षेत्र  खोजी गरी सिफारिस गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको सार्थक सहभागिताको सुनिश्चित गर्ने,

(ङ) सूचक प्राप्तिको अवस्था विश्लेषण गर्ने तथा प्राप्तिको लागि मार्गदर्शन गर्ने,

(च) कार्यक्रमको कार्यान्वयनको कार्ययोजना बनाई सोको कार्यान्वयन र अनुगमन गर्ने,

(छ) बालमैत्री स्थानीय शासन अवलम्बनदेखि घोषणासम्मको अवधिको प्रगति समीक्षा तथा प्रतिवेदन तयारीमा सहजीकरण गर्ने।

९. **<u>बालमैत्री स्थानीय शासनको योजना छनोटः</u>** बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा अवलम्बनको लागि गाउँपालिका तथा नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कार्यविधिको अधिनमा रहि देहायको चरण, समय, कार्य जिम्मेवारीको पालना गरी योजना तथा कार्यक्रम छनोट गर्नुपर्नेछ।

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समयसीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| १. बजेटको पूर्व तयारी | (१) विषय क्षेत्रसँग सम्बन्धित सूचना सङ्कलन र विश्लेषण गरी बालबालिकाको स्थितिपत्र अद्यावधिक गर्ने | मंसिर मसान्तभित्र | विषयगत महाशाखा/ शाखा |
| | (२) आगामी तीन आ.व.मा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत तयार गर्ने,<br>(३) कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्ने, | पुस १५ गतेभित्र | विषयगत महाशाखा/ शाखा, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समिति |
| | (४) आगामी आ.व.को राजस्व (आन्तरिक स्रोत, राजस्व बाँडफाँट, रोयल्टी, अनुदान र ऋण) को प्रक्षेपण र अनुमान तयार गर्ने विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यलाई जिम्मेवारी दिने, | पुस १५ गतेभित्र | राजस्व परामर्श र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | (५) आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क विवरण संघ र प्रदेश अर्थ मन्त्रालयमा पेश गर्ने, | पुस मसान्तसम्म | राजस्व तथा आर्थिक प्रशासन शाखा |
| २. श्रोत अनुमान र बजेट सीमा | (१) संघ र प्रदेशबाट अनुदान र राजस्व बाँडफाँट र रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्ने, | संघबाट फागुन र प्रदेशबाट चैत मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| | (२) गैसस, उपभोक्ता समिति, सहकारी संस्था आदिसँग योजना तथा बजेट सम्बन्धमा पूर्व बजेट छलफल गर्ने, | चैत मसान्तभित्र | प्रमुख/अध्यक्ष |

| | | | |
|---|---|---|---|
| | | | |
| | (३) नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/प्रमुखद्वारा सभामा पेश गर्ने, | बैशाख ७ गतेभित्र | प्रमुख/अध्यक्ष |
| | (४) बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्ने, | बैशाख ७ गतेभित्र | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | (५) कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने, | बैशाख १० गतेभित्र | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | (६) विषयगत महाशाखा/शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने, | वैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| ३.बस्ती/टोल स्तरबाट योजना | (१) बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने | वैशाख मसान्तभित्र | वडा समिति |
| | (२) बस्ती/टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने, | वैशाख मसान्तभित्र | वडा समिति र समितिका तोकिएका सदस्य |
| ४. वडा स्तरीय योजना प्राथमिकता निर्धारण | (१) वस्ती।टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्याउने, | जेष्ठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| | (२) वडाको बजेट सीमा भित्रका र अन्य महत्त्वपूर्ण आयोजनालाई विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने, | जेष्ठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| ५.एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | (१) विषयगत महाशाखा।शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने, | जेठ १५ गतेभित्र | विषयगत महाशाखा।शाखा |
| | (२) विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा साङ्केतीकरण गर्ने, | जेठ २५ गतेभित्र | विषयगत समिति |
| | (३) बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | (४) गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने, | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | (५) आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने, | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | (६) विनियोजन विधेयकको मस्यौदा तयार गरी पेश | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम |

| | | | |
|---|---|---|---|
| | गर्ने, | | तर्जुमा समिति |
| ८. कार्यपालिकाबाट स्वीकृति र सभामा पेश | (१)बजेट (राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक एवं विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने, | असार १० गतेभित्र | स्थानीय कार्यपालिका |
| ९. सभाबाट स्वीकृति | (१) बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्नेर आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने, | असार मसान्तभित्र | गाउँ /नगर सभा |
| | (२) बजेट पुस्तिका तयारी तथा छपाइ गर्ने | साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

१०. **<u>बालमैत्री स्थानीय तहको लागि योजना छनोट विधिः</u>** (१) दफा ९ बमोजिमको प्रचलित विधिको अधिनमा रही बालमैत्री स्थानीय शासन सम्बन्धी योजना तथा कार्यक्रम छनोट गर्नुपर्दछ।

(२) प्रत्येक गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार तथा प्रदेशबाट प्राप्त बजेट पूर्वानुमान तथा मार्गदर्शन र आफ्नो स्रोतलाई आधार मानी बालमैत्री स्थानीय शासनको लागि अनिवार्य रूपमा बजेट सीमा निर्धारण गरी वस्तुगत विश्लेषण सहित वडा /टोल /बस्तीस्तरबाट कार्यक्रम तथा योजना छनोटको प्रक्रिया शुरु गर्नु पर्नेछ।

(३) बालमैत्री स्थानीय शासन सम्बन्धी योजना तथा कार्यक्रम देहायको विधिमा पहिचान गरी वार्षिक कार्यक्रम तथा बजेटमा आवद्ध गर्नुपर्दछः

(क)बालक्लब /बाल क्लब सञ्जालका प्रतिनिधिहरूको अर्थपूर्ण सहभागिताको आधारमा स्थानीय आवश्यकताको पहिचान गर्ने।

(ख)अनुसूची १ बमोजिमको सूचना संकलन फारम (बालबालिका अवस्था सर्वेक्षण प्रश्नावली) को आधारमा अनुसूची २ बमोजिमको ढाँचामा गाउँ तथा नगरस्तरको बालबालिका सम्बन्धी वस्तुस्थिति विवरण (प्रोफाइल) तयार गर्ने,

(ग) बस्तुस्थितिको आधारमा प्रत्येक वडामा एक बालभेला आयोजना गर्ने,

(घ) बाल भेलाबाट माग भई आएका योजना वडा समिति मार्फत विषयगत समितिमा सिफारिस गर्ने एवम् गाउँपालिका तथा नगरपालिकास्तरमा बाल सञ्जालको समेत वैठक राखी छलफलद्वारा प्रस्तावित कार्यक्रम विषयगत योजना तर्जुमा समितिमा पेश गर्ने,

(ङ) विषयगत समितिबाट बाल भेला तथा बाल सञ्जालबाट प्राप्त योजना तथा कार्यक्रम प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गर्ने,

(च) बजेट तथा कार्यक्रम तर्जुमा समितिले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी गाउँ कार्यपालिका र नगर कार्यपालिकामा पेश गर्ने,

(४) उपदफा (३) बमोजिम विधिबाट प्राप्त योजना तथा कार्यक्रमको प्रस्ताव उपर कार्यपालिकाले बाल समूह तथा सञ्जालका प्रतिनिधिहरू तथा सम्बन्धित विषयगत शाखाका प्रतिनिधिहरूसँग संयुक्त बैठक गरी उपलब्ध स्रोतका आधारमा छनौट गर्नुपर्दछ।

(५) उपदफा (४) बमोजिम छनौटको निर्णय भए पश्चात बजेट तथा कार्यक्रम तर्जुमा समितिले यस्ता योजना तथा कार्यक्रम वार्षिक कार्यक्रममा समावेश गने र कार्यपालिकाबाट अनुमोदन गरी सभाबाट स्वीकृत गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम स्वीकृत बालमैत्री स्थानीय शासन सम्बन्धी वार्षिक कार्यक्रमको अनुसूची-३ बमोजिमको ढाँचामा बालमैत्री स्थानीय विकास योजना तयार गर्नुपर्नेछ।

(७) गाउँपालिका तथा नगरपालिकाबाट प्राथमिकता निर्धारण गरिएका सबै योजनाहरू आफ्नो साधन, स्रोत र क्षमताले सञ्चालन गर्न नसक्ने भएमा त्यस्ता योजना तथा कार्यक्रम नेपाल सरकार तथा अन्तर्गतका निकाय एवम् प्रदेशका योजनामा समावेश लागि सिफारिस गर्न सकिनेछ।

११. **कार्यान्वयन प्रक्रियाः** (१) बालमैत्री स्थानीय शासन सम्बन्धी वार्षिक कार्यक्रमको कार्यान्वयन प्रक्रिया देहाय बमोजिम पद्धतिमा गर्नु पर्नेछः

(क) वार्षिक स्वीकृत कार्यक्रम तथा गैर सरकारी संस्थाले स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गरेका कार्यक्रमको परिधिभित्र रहेर मात्र गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन गर्दा बालक्लब वा बाल क्लब सञ्जालसँग प्रत्यक्ष सरोकार राख्ने योजनाहरू यथासम्भव बालक्वल वा समूह तथा अभिभावक समूह (विशेषगरी, आमा समूह) ,मार्फत् नै सम्पन्न गराउने,

(ग) प्राविधिक दृष्टिकोणले बाल समूहले सम्पन्न गर्न नसक्ने योजना तथा कार्यक्रमहरू स्थानीय सामुदायिक संस्था, उपभोक्ता समिति र स्थानीय गैर सरकारी संस्था मार्फत सञ्चालन गर्ने,

(घ) कार्यक्रम सञ्चालन गर्दा लागत साझेदारी र सहभागितात्मक पद्धतिलाई प्राथमिकता दिने,

(ङ) कार्यक्रम कार्यान्वयनमा विषयगत शाखा र गैर सरकारी संस्थाको समेत प्राविधिक सहयोग उपयोग गर्ने,

(च) नयाँ बन्ने सार्वजनिक भौतिक संरचनाहरू प्रकोप प्रतिरोधी, सुरक्षित र बालमैत्री भएको सुनिश्चित गर्ने,

(छ) बालमैत्री सम्बन्धी कार्यक्रम स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन प्रक्रिया, लैङ्गिक तथा सामाजिक समावेशीकरण परीक्षण र कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा समेत बालमैत्री स्थानीय शासनका सूचकहरूलाई अन्तर सम्बन्धित गरी कार्यन्वयन गर्ने,

(ज) पोषणमैत्री स्थानीय तह, बालश्रम मुक्त स्थानीय तह, हिंसा र बाल विवाह मुक्त स्थानीय तह, खुल्ला दिशामुक्त स्थानीय तह, लगायतका अभियानसँग समेत अन्तरसम्बन्ध कायम गरी बालमैत्री स्थानीय शासनको अवलम्बन र कार्यान्वयनको गर्ने,

(२) उपदफा (१) बमोजिमको बालमैत्री कार्यक्रम सञ्चालन गर्दा देहायको तहगत प्रक्रिया अवलम्वन गर्न सकिनेछः

(क) कार्यान्वयनको लागि सामूहिक निर्णय तथा पूर्व तयारी,

(ख) अवस्था विश्लेषण र सूचक वा मापदण्ड निर्धारण,

(ग) स्रोत व्यवस्थापन र कार्ययोजना तयारी,

(घ) नियमित अनुगमन, गुणस्तर र प्रभावकारिता ।

(ङ) स्पष्ट काम कर्तव्य र जिम्बेवारी सहित बालमैत्री सम्पर्क व्यक्ति (Focal Person) को व्यवस्था।

१२. **<u>बालमैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयनका लागि तौरतरिकाः</u>** बालमैत्री स्थानीय शासन पद्धतिलाई वैज्ञानिक, व्यवस्थित तथा नतिजामूलक रूपमा कार्यान्वयन गर्न सघाउ एवम् नतिजा सुनिश्चित गर्न देहायका संयन्त्र तथा तौरतरिकाको प्रयोग गर्न सकिनेछः

(क) बाल सहभागितामूलक योजना तथा कार्यक्रम तर्जुमा

(ख) सामाजिक परीक्षण

(ग) सार्वजनिक सुनुवाइ

(घ) कार्यमूलक अनुसन्धान

(ङ) प्रभावकारिता सर्भेक्षण

(च) गुनासो तथा उजुरी व्यवस्थापन

(छ) कार्यमूलक लेखापरीक्षण

(ज) मूलप्रवाहीकरण

(झ) सूचना अनुगमन

(ञ) बालबालिकालाई पच्छ्याउने पद्धति (ट्र्याकिङ) को अवलम्वन,

(ट) बाल अधिकार सूचना व्यवस्थापन प्रणाली

(ठ) बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली

**१३. <u>कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः</u>** (१) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको अनुगमन प्रक्रिया स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनको व्यवस्था बमोजिम हुनेछ।

(२) स्थानीय तह, बालमैत्री स्थानीय शासन सम्बन्धी विभिन्न समिति एवम् विषयगत शाखाहरूले नियमित रूपमा कार्यक्रमको अनुगमन गरी सोको प्रतिवेदन गाउँपालिका तथा नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने कार्यक्रमको अनुगमन प्रतिवेदन अनुसूची-४ बमोजिमको नमूना फाराममा तयार गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन उपर कार्यपालिकाले आवश्यक सल्लाह, सुझाव र निर्देशन दिन सक्नेछ।

(५) बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय तहमा भए गरेका कार्यक्रमहरूको जिल्ला समन्वय समितिमा हुने समग्र वार्षिक प्रगति समीक्षा समेत गराउनु पर्नेछ।

(६) बालमैत्री स्थानीय शासन अवलम्वन गरिएका गाउँपालिका तथा नगरपालिकाको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल सरकारका निकाय, प्रदेश सरकार र निकाय एवम् स्रोत उपलब्ध गराउने विकास साझेदारहरूले समेत अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछन्।

(७) अनुगमन, समीक्षा र मूल्याङ्कनबाट देखिएका समस्याहरूको तत्काल समाधान गर्नु गाउँपालिका तथा नगरपालिका एवम् सम्बन्धित सरोकारवालाहरूको दायित्व हुनेछ। बालमैत्री स्थानीय शासन अन्तर्गत स्थानीयस्तरमा सञ्चालित विभिन्न तहका कार्यक्रमहरूको कम्तिमा वर्षमा १ पटक सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाई समेत गर्नु पर्नेछ। सार्वजनिक परीक्षण गर्दा अनुसूची ५ बमोजिमको फारम प्रयोग गर्नु पर्नेछ।

(८) उपदफा ७ बमोजिम गरिने सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई स्थानीय तहको सहयोगमा स्थानीय बाल अधिकार समितिले सञ्चालन गर्न सक्नेछन्।

(९) स्थानीय तहले कार्यक्रमको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय, नेपाल सरकारका निकाय तथा प्रदेश मन्त्रालय पठाउनु पर्नेछ। स्थानीय तहबाट प्राप्त विवरणहरूको आधारमा केन्द्रस्तरमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकीकृत प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयस्तरमा हुने प्रगति समीक्षा बैठकमा प्रस्तुत गरी सार्वजनिक गर्न सक्नेछ।

१४. **<u>प्रतिवेदन तथा अभिलेखीकरणः</u>** (१) स्थानीय तहले प्रत्येक वर्ष सम्पादन भएका कार्यहरूको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी व्यवस्थित रूपमा अभिलेखीकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कार्यान्वयनको क्रममा देखिएका सफलताका विषयलाई उजागर गरी समावेश गर्नुपर्नेछ। अन्य स्थानीय तहलाई समेत कार्यक्रम लागु गर्न अभिप्रेरित गर्न यस्ता प्रतिवेदन आदनप्रदान गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमका प्रतिवेदनहरू स्थानीय तहको सूचना केन्द्रमा उपलब्ध गराउनु पर्नेछ।

(४) वार्षिक रूपमा कार्यान्वयन भएका बालमैत्री कार्यक्रमहरूको अवस्था तथा समग्र कार्यक्रमले बालबालिकाको अवस्थामा भएको सुधार देखिने गरी बालवालिकाको स्थितिसम्बन्धी प्रतिवेदन अनुसूची-६ बमोजिम ढाँचामा गाउँपालिका तथा नगरपालिकाबाट तयार गर्नुपर्नेछ।

(५) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनबाट भएको उपलब्धिको प्रगति विवरण अनुसूची ७ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

(६) स्थानीय तहले बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलापहरूलाई व्यापक प्रचार प्रसार गराउन स्थानीय सञ्चार माध्यमहरूको परिचालन गर्न सक्नेछन्।

## परिच्छेद-३
## क्षमता विकास सम्बन्धी व्यवस्था

१५. **<u>क्षमता विकासः</u>** (१)बालमैत्री स्थानीय शासन पद्धति र सेवालाई प्रभावकारी रूपमा अघि बढाउन देहायको पक्षमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(क) यस पद्धतिको कार्यान्वयनको लागि मन्त्रालय, नेपाल सरकार तथा प्रदेश मन्त्रालय मार्फत विभिन्न तहमा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने,

(ख) बालमैत्री स्थानीय शासन प्रवर्द्धन हुनेगरी स्थानीय तहले आफ्नो क्षमताको स्वमूल्याङ्कन गरी विद्यमान क्षमता र चाहिने न्यूनतम् क्षमताको बीचको खाडल पहिचान गरी आवश्यकताको आधारमा क्षमता विकास योजना तर्जुमा गरी आवश्यक तालिम सञ्चालन गर्ने,

(ग) विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, सामाजिक परिचालक, सहजकर्ता, बालक्लब र बालक्लब सञ्जालका पदाधिकारी, स्थानीय प्रारम्भिक बालविकास समिति, आमा समूह, महिला समूह, निगरानी समूह, बाल अधिकार तथा बालसंरक्षण समिति, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्थानीय विवद् वयवस्थापन समितिका पदाधिकारी, स्थानीय तहका पदाधिकारी र पूर्व प्राथमिक तथा प्राथमिक तहका शिक्षकलाई अनिवार्य रुपले बालमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षण दिने,

(२) उपदफा (१) बमोजिमका क्षमता विकास सम्बन्धी गोष्ठी, प्रशिक्षण जस्ता कार्य सञ्चालन गर्दा लाग्ने खर्चको लागि स्थानीय तहहरूले आफ्नो नर्म्स तथा मापदण्ड निर्धारण गर्न सक्नेछन्। प्रचलनमा रहेको कुनै स्वीकृत नर्म्स तथा मापदण्डलाई समेत आधार मान्न सकिनेछ।

१६. **<u>मानव संसाधन व्यवस्थापनः</u>** (१) स्थानीय तहले बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि मौजुदा जनशक्तिको क्षमता विकास गरी कार्यसञ्चालन गर्नुपर्नेछ। आवश्यकताको आधारमा स्थानीय तहले विभिन्न निकाय, गैर सरकारी संस्था, बाह्य स्रोत व्यक्ति तथा साझेदार संस्थाको दक्षतालाई समेत प्रयोग गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम मानव संसाधान व्यवस्थापन गर्न वार्षिक योजना तथा कार्यक्रममा बजेट व्यवस्था गर्न सकिनेछ। गाउँपालिका तथा नगरपालिकामा रहेको मानव संसाधन विकास केन्द्रले जनशक्ति विकास र व्यवस्थापन कार्य गर्न सक्नेछन् ।

१७. **<u>संस्थागत विकासः</u>** (१) बालमैत्री स्थानीय शासन पद्धतिको प्रभावकारी सञ्चालनको लागि वार्षिक कार्ययोजनामा बजेट व्यवस्था गरी संस्थागत क्षमता विकासको समग्र कार्यक्रम (प्याकेज) निर्माण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम (प्याकेज) मा बालमैत्री स्थानीय शासन प्रर्वद्धन सम्बन्धी प्रक्रियागत कार्यहरू समेत समावेश गर्नु पर्नेछ। यस्ता कार्यक्रम बालमैत्री स्थानीय शासनका लागि विनियोजित रकमको २० प्रतिशतको सीमा भित्र रहनु पर्नेछ ।

## परिच्छेदः ४

## बालमैत्री स्थानीय तह घोषणा

१८. **सूचक प्राप्तिको निर्णयः** गाउँपालिका तथा नगरपालिका एवम् तिनका वडाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले तोकेका सूचकको प्राप्ति भए पश्चात अनुसूची-८ बमोजिमको अवस्था खुलाई अनुगमनको लागि गाउँ/नगर हकमा कार्यपालिकाको निर्णय र वडाको हकमा वडा समितिको निर्णय सहित निर्देशिका बमोजिमको निकायमा अनुरोध गर्नुपर्नेछ।

१९. **सूचक प्राप्तिको अनुगमन विधिः** स्थानीय तहमा बालमैत्री स्थानीय शासन पद्धतिको सुनिश्चितता गरी बालमैत्री स्थानीय तह घोषणाको लागि देहायको विधि मार्फत अनुगमन गर्न सकिनेछः

(क) जनशक्ति व्यवस्थापन

(ख) प्रतिवेदन अध्ययन र विश्लेषण

(ग) स्थलगत अवलोकन तथा सर्वेक्षण

(घ) स्थानीय अवस्थाको आधारमा गाउँ/नगरस्तरीय बालमैत्री स्थानीय शासन निर्देशक समितिले तोकेको उपयूक्त विधि

२०. **संख्यात्मक सूचक परीक्षणः** बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम बालमैत्री स्थानीय तह घोषणा गर्न तयार भएका वडा, गाउँपालिका तथा नगरपालिकाले सूचक प्राप्तिको अनुगमनको लागि सम्बन्धित जिल्ला समन्वय समिति र प्रदेश मन्त्रालयलाई अनुरोध गर्दा देहायको ढाँचामा संख्यात्मक विवरण तयार गरी पत्रसाथ संलग्न गरी पठाउनु पर्नेछ। प्राप्त विवरणको अनुगमन समितिले स्थलगत रूपमा परीक्षण गर्नुपर्नेछः

(क) बालमैत्री स्थानीय शासनका तहगत चरण सम्बन्धी विवरण

| क्रस | विवरण | पुरा भएको | | अनुगमन गर्नुपर्ने विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | **पूर्वतयारी चरणः** | | | |
| १.१ | कार्यपालिकाबाट आफ्नो गाउँपालिका/नगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न निर्णय गर्ने। | | | सभाको निर्णय वा कार्यपालिकाबाट भएको निर्णय |

| क्रस | विवरण | पुरा भएको | | अनुगमन गर्नुपर्ने विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १.२ | बालमैत्री स्थानीय शासनको अवधारणा सम्वन्धी गाउँ/नगर समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने। | | | कार्यक्रम भएको मिति, स्थान, स्वीकृत कार्यक्रमको प्रतिलिपि र कार्यक्रमा उपस्थितिको विवरण |
| १.३ | कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ/नगरपालिकास्तरीय समितिबाट लिखित प्रतिबद्धता गर्ने। | | | उपस्थिति रजिष्ट्र विवरण र अनुसूची १० लिखित प्रतिबद्धताको प्रतिलिपि |
| १.४ | बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिका/नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने। | | | गाउँपालिका / नगरपालिकाको सामान्य स्थिति झल्कने सहित सूचकमा आधारित भई बालबालिकाको समग्र अवस्था देखिने प्रफाइलको प्रतिलिपि वा Digital Copy |
| १.५ | बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने। | | | प्रतिफल प्राप्त गर्ने गरी सूचक क्रियाकलापसँग आवद्ध देखिने अनुसूची १३ बमोजिमको स्थानीयकरणको रणनीतिक दस्ताबेज प्रकाशन |
| १.६ | बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि/निर्देशिका र आचारसंहिता तर्जुमा गर्ने। | | | स्थानीय नीति/रणनीति/कार्यविधि/निर्देशिका र अनुसूचीः १० बमोजिमको आचारसंहिताको प्रतिलिपिको विवरण |
| **२** | **तयारी चरण** | | | |
| २.१ | गाउँपालिका/नगरपालिका र वडामा बालमैत्री स्थानीय शासनको लागि संस्थागत प्रवन्ध (सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने। | | | निर्णयको प्रतिलिपि, जिम्मेवारी प्रदान गरेको पत्र र बालमैत्री क्रियाकलाप देखिने गरी शाखामा सजावट |
| २.२ | बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडाहरू छनौट गर्ने। | | | बालमैत्री क्रियाकलाप सञ्चान गर्न वडाको छनौटको निर्णय, कार्यपालिकाको निर्णय र सोको प्रतिलिपि |
| २.३ | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत | | | गाउँपालिका /नगरपालिकासँग कार्यक्रम सञ्चान गर्न भएको सम्झौता पत्रको प्रतिलिपि र प्रतिबद्धता प्राप्तको प्रतिलिपि |

| क्रस | विवरण | पुरा भएको | | अनुगमन गर्नुपर्ने विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| | सहितको प्रतिबद्धता प्राप्त गर्ने। | | | |
| २.४ | बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि लगानी योजना तयार गर्ने। | | | गाउँपालिका तथा नगरपालिकाबाट अनुसूची ११ बमोजिमको लगानी योजनाको प्रतिलिपि |
| २.५ | बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने। | | | बालकोष सञ्चालन कार्यविधिको प्रतिलिपि र सञ्चालनको अवस्था देखिने विवरण |
| २.६ | बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लब, बाल सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन गर्ने। | | | वडामा रहेका टोल तथा बस्तीको विवरण र सो बमोजिम बाल क्लब, बाल सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाहरूको गठनको निर्णयहरू तथा परिचालन गर्ने कार्यविधिको स्वीकृति। |
| **३** | **<u>नीति तथा योजना तर्जुमा तथा कार्यान्वयनको चरणः</u>** | | | |
| ३.१ | लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने। | | | वडागत रूपमा प्रस्तावित वार्षिक कार्यक्रमको विवरणको प्रतिलिपि |
| ३.२ | छनोट भएका क्षेत्रगत क्रियाकलापहरूको लागि आवश्यक बजेट विनियोजन गर्ने। | | | सूचकको प्राप्तिमा सहयोग वार्षिक स्वीकृत योजनमा संलग्न कार्यक्रमहरू |
| ३.३ | साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने। | | | सञ्जाल निर्माणको निर्णय र समन्वय र सहकार्य देखिने साझा उपस्थितिको प्रतिलिपि तथा समझदारी पत्र। |
| ३.४ | स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने। | | | स्वीकृत वार्षिक कार्ययोजनाको प्रतिलिपि |
| ३.५ | बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने। | | | वार्षिक कार्ययोजना बमोजिक कार्यक्रम कार्यान्वयन तथा प्रगति प्रतिवेदनको प्रमाणित दस्तावेज |
| **<u>४</u>** | **<u>अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको चरणः</u>** | | | |
| ४.१ | वडा समिति, गाउँ/नगर स्तरीय समितिबाट सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा अनुगमन र समीक्षा गरी प्रतिवेदन तयारी गर्ने। | | | सहभागीहरूको उपस्थिति विवरण र अनुगमन र समीक्षा गरी सूचकको अवस्था झल्कने प्रतिवेदनको प्रतिलिपि। |

| क्रस | विवरण | पुरा भएको | | अनुगमन गर्नुपर्ने विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| ४.२ | बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने। | | | सूचक प्रमाणीकरणको आधारमा तयार भएको अनुसूची १२ बमोजिमको स्थितिपत्रको प्रतिलिपि र सार्वजनिकीकरणको मिति र उपस्थिति। |
| ४.३ | बालमैत्री स्थानीय शासनको घोषणाको लागि तोकिएको निकायवाट अनुगमन गर्ने। | | | वडाको हकमा निर्देशिकामा उल्लिखित जिल्लास्तरीय समिति र गाउँपालिका तथा नगरपालिकाको हकमा प्रदेशस्तरीय समितिबाट भएको अनुगमन प्रतिवेदनको प्रतिलिपि, |
| ४.४ | वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणीकरण गर्ने। | | | आधिकारिक निकायबाट प्रकाशित तथ्यको आधारमा सूचक प्राप्तिको प्रमाणीकरणको प्रतिलिपि |
| ४.५ | बालमैत्री वडा/स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्रदान गर्ने। | | | वडाको हकमा जिल्ला समन्वय समिति र गाउँपालिका तथा नगरपालिकाको हकमा स्थानीय तहको प्रदेश सम्पर्क मन्त्रालयबाट अनुमति दिएको पत्रको प्रतिलिपि |
| **५** | **बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा र दिगोपनाको चरणः** | | | |
| ५.१ | बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने। | | | दिगोपनालाई सुनिश्चित गर्ने गरी तयार भएको रणनीतिक योजनाको प्रतिलिपि |
| ५.२ | बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र गाउँपालिका/नगरपालिका घोषणा गर्न सम्बन्धित गाउँ/नगर सभाको निर्णय। | | | कार्यपालिका र सभाको निर्णयको प्रतिलिपि |
| ५.३ | बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा। | | | |
| ५.४ | बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना कार्यान्वयन। | | | तोकिएका क्रियाकलापको समावेश गरिएको वार्षिक विकास योजना |
| ५.५ | वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन। | | | गाउँपालिका तथा नगरपालिकाको वार्षिक रूपमा प्रकाशित प्रतिवेदनको प्रतिलिपि |

| क्रस | विवरण | पुरा भएको | | अनुगमन गर्नुपर्ने विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| ५.६ | बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता। | | | |

(ख) बालमैत्री स्थानीय शासन पद्धति अवलम्वन सम्बन्धी विवरण

| क.सं. | विवरण | छ।छैन | बालबालिकाको सहभागिता ( सङ्ख्या) | | अनुगमन गर्नुपर्ने कागजात |
|---|---|---|---|---|---|
| | | | बालक | बलिका | |
| १ | अभिमुखीकरण र प्रतिवद्धता | | | | |
| १.१ | बालमैत्री स्थानीय शासन सम्बन्धमा सरोकारवालाहरूलाई कम्तिमा २ दिनको अभिमुखीकरण गरिएको | | | | उपस्थितिको रजिष्ट्रर /विवरण |
| १.२ | बालमैत्री स्थानीय शासन लागू गर्ने सम्बन्धमा सरोकारवालाबाट लिखित प्रतिवद्धता व्यक्त भएको | | | | कार्यक्रम भएको मिति, स्थान, उपस्थित साझेदार संस्थाहरूको नामावली, संख्या |
| २ | बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने कार्ययोजना तयारी भएको | | | | प्रतिबद्धता व्यक्त गरिएको प्रमाण |
| ३ | स्थानीय तहको सभाले आफ्नो पूजींगत बजेटको निश्चित प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको सभाको निर्णय | | | | गाँउ कार्यपालिका /नगर कार्यपालिकाबाट भएको निर्णय |
| ४ | **न्यूनतम सूचक निर्धारण** | | | | |
| ४.१ | अनिवार्य रूपमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका बमोजिमका ५१ वटा सूचक र स्थानीय आवश्यकताको आधारमा लिइएको थप गरिएका सूचक | | | | कार्यपालिकाको निर्णय |

| क.सं. | विवरण | छ। छैन | बालबालिकाको सहभागिता ( सङ्ख्या) | | अनुगमन गर्नुपर्ने कागजात |
|---|---|---|---|---|---|
| | | | बालक | बलिका | |
| ४.२ | बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरूको स्थानीयकरण (सरलीकरण) गरिएको | | | | स्थानीयकरणको ढाँचा |
| **५** | संस्थागत जिम्मेवारी | | | | |
| ५.१ | बालमैत्री स्थानीय शासन नगर, गाउँ, वडा, समुदाय समिति गठन भएको | | | | समिति गठन गरिएको निर्णय, समितिको वैठकको निर्णय पुस्तिका |
| ५.२ | बालमैत्री स्थानीय शासनका लागि सम्पर्क शाखा तोकिएको | | | | गाँउ कार्यपालिका तथा नगर कार्यपालिकाबाट भएको निर्णय |
| ५.३ | बालमैत्री स्थानीय शासनका लागि सम्पर्क व्यक्ति तोकिएको | | | | प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षबाट निर्णय भई कर्मचारीलाई दिइएको पत्र |
| ५.४ | बालमैत्री स्थानीय शासन अवलम्वन गर्न सम्बन्धित सभाबाट निर्णय भएको | | | | सभाको निर्णयको प्रतिलिपी |

## (ग) बालमैत्री स्थानीय शासनका प्रतिफल सम्बन्धी विवरण

| क. सं. | विवरण | छ। छैन | यस प्रक्रियामा बालबालिकाको सहभागिता संख्या | | गरिएको छ भने | | प्रमाणित गर्ने आधार |
|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | मिति | प्रक्रिया (बुँदागत रूपमा खुलाउने) | |
| १ | बालबालिकाको लागि स्थानीय विकास योजना | | | | | | स्थानीय विकास योजनाको दस्तावेज |

| क्र. सं. | विवरण | छ। छैन | यस प्रक्रियामा बालबालिकाको सहभागिता संख्या | | गरिएको छ भने | | प्रमाणित गर्ने आधार |
|---|---|---|---|---|---|---|---|
| | तयार गरिएको | | | | | | |
| २ | बालबालिकाको बस्तुगत विवरण (प्रोफाईल) तयारी | | | | | | छापिएको प्रोफाइल |
| २.१ | प्रत्येक २ वर्षमा अध्यावधिक गरिएको | | | | | | योजना दस्तावेज |
| ३ | आवधिक वा दीर्घकालीन योजना (कम्तिमा ५ वर्षको) | | | | | | योजना दस्तावेज |
| ४ | वार्षिक योजना | | | | | | कार्ययोजना दस्तावेज |
| ५ | बालबालिकाको लागि स्थानीय योजना (वार्षिक कार्य योजना) | | | | | | लगानी योजना दस्तावेज |
| ६ | बालबालिकाका लागि लगानी योजना तयार गरिएको | | | | | | वार्षिक योजना दस्तावेज |
| ६ | आवधिक लगानी योजना (कम्तिमा ५ वर्षको) | | | | | | योजना दस्तावेज |
| ७ | वार्षिक लगानी योजना | | | | | | तयार भएका नीति तथा कार्यविधिको प्रतिलिपि |
| ८ | बालमैत्री आचारसंहिता | | | | | | स्वीकृत मिति सहितको विवरण |
| ९ | बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, कार्यविधि | | | | | | स्वीकृत मिति सहितको नामावली विवरण |
| १० | विद्यमान नियम, निर्देशिका, कार्यविधि आदिमा परिमार्जन गरी बालमैत्री बनाएको | | | | | | प्रकाशित पुस्तिका |
| ११ | बालबालिकाको स्थितिपत्र तयार गरिएको | | | | | | स्वीकृत स्थितिपत्र |
| ११. | वार्षिक रूपमा प्रकाशन | | | | | | प्रकाशित पुस्तिका |

| क्र. सं. | विवरण | छ। छैन | यस प्रक्रियामा बालबालिकाको सहभागिता संख्या | | गरिएको छ भने | | प्रमाणित गर्ने आधार |
|---|---|---|---|---|---|---|---|
| १ | गरिएको | | | | | | |

## (घ) लगानी सम्बन्धी विवरण

| क्र.स.. | विवरण | विगत २ वर्षको लगानी विवरण | | चालु आ.व.मा विनियोजनको विवरण | आगामी आ.व.को प्रस्तावित बजेट विवरण |
|---|---|---|---|---|---|
| | | आ.व. | आ.व. | | |
| १ | गाउँ /नगर बजेट (आन्तरिक तथा समानिकरण तथा अन्य अनुदान) | | | | |
| १.१ | जम्मा पूँजीगत बजेट रु. | | | | |
| १.२ | बालबालिकाको क्षेत्रमा विनियोजित बजेट रु. | | | | |
| १.३ | विनियोजन प्रतिशत | | | | |
| १.४ | बालबालिकाको क्षेत्रमा लगानी गरिएको बजेट रकम रु. | | | | |
| १.५ | बालबालिकाको क्षेत्रमा विनियोजन गरिएको बजेट लगानी गरिएका मुख्य मुख्य क्षेत्रहरू | | | | |
| २ | सङ्घीय र प्रदेश सरकारको बजेट (शर्सत तथा विशेष अनुदान) | | | | |
| २.१ | बालबालिकाको क्षेत्रमा लगानी गरिएको बजेट रकम रु | | | | |
| २.२ | बालबालिकाको क्षेत्रमा विनियोजन गरिएको बजेट लगानी गरिएका मुख्य मुख्य क्षेत्रहरू | | | | |
| ३ | गैसस र विकास साझेदारको बजेट | | | | |
| ३.१ | बालबालिकाको क्षेत्रमा लगानी गरिएको बजेट रकम रु | | | | |

| क.स.. | विवरण | विगत २ वर्षको लगानी विवरण | | चालु आ.व.मा विनियोजनको विवरण | आगामी आ.व.को प्रस्तावित बजेट विवरण |
|---|---|---|---|---|---|
| | | आ.व. | आ.व. | | |
| ३.२ | बालबालिकाको क्षेत्रमा विनियोजन गरिएको बजेटबाट लगानी गरिएका मुख्य मुख्य क्षेत्रहरू | | | | |
| ४ | निजी क्षेत्र, समुदाय र अन्य साझेदारको बजेट | | | | |
| ४.१ | बालबालिकाको क्षेत्रमा लगानी गरिएको बजेट रकम रु | | | | |
| ४.२ | बालबालिकाको क्षेत्रमा विनियोजन गरिएको बजेटबाट लगानी गरिएका मुख्य मुख्य क्षेत्रहरू | | | | |

## <u>(ङ) बाल क्लब र सञ्जाल सम्बन्धी विवरण</u>

| विवरण | क्रियाशील संख्या | | समिति को सदस्य संख्या | सदस्य संख्या | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाल क्लब | बाल सञ्जाल | | बालक (१२-१८ वर्ष) | | | | | बालिका (१२-१८ वर्ष) | | | | | | |
| | | | | दलित | जनजाति। आदिवासी | मधेशी | अन्य | जम्मा | दलित | जनजाति। आदिवासी | मधेशी | अन्य | जम्मा | कुल जम्मा | |
| वडामा गठन भएका बाल क्लबको संगठनात्मक संरचना | | | | | | | | | | | | | | | |
| गाँउ /नगरस्तरीय बाल सञ्जालको संगठनात्मक संरचना | | | | | | | | | | | | | | | |
| वडास्तरीय बाल सञ्जालको संगठनात्मक | | | | | | | | | | | | | | | |

| विवरण | क्रियाशील संख्या | | समितिको सदस्य संख्या | सदस्य संख्या | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाल क्लब | बाल सञ्जाल | | बालक (१२-१८ वर्ष) | | | | | बालिका (१२-१८ वर्ष) | | | | | | |
| | | | | दलित | जनजाति।आदिवासी | मधेशी | अन्य | जम्मा | दलित | जनजाति।आदिवासी | मधेशी | अन्य | जम्मा | कुल जम्मा | |
| संरचना | | | | | | | | | | | | | | | |

## (च) बालमैत्री स्थानीय तह घोषणा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | छ।छैन | अनुगमन गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १ | आवधिक वा दीर्घकालिन लगानी योजना (कम्तिमा ५ वर्षको) | | योजनाको दस्तावेज |
| १.१ | योजनामा बालश्रम, बाल हिंसा, बाल शोषण, बाल कुपोषण, एकीकृत प्रारम्भिक बालविकास तथा एचआईभि एड्स न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरिएको | | वार्षिक योजना तथा कार्यक्रम दस्तावेज |
| १.२ | योजनामा स्थानीय अवस्थामा आधारित भई कमलरी, छाउपडी, झुमा तथा देउकी प्रथा र दाईजो, छाउपडि जस्ता सामाजिक विकृति हरूको अन्त्य गर्ने कार्यक्रम समावेश गरिएको | | वार्षिक योजना तथा कार्यक्रम दस्तावेज |
| २ | सूचक निर्धारण | | |
| २.१ | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा समावेश गरिएका ५१ वटा सूचक | | न्यूनतम ५१ वटा सूचक सहित गाँउ कार्यपालिका /नगर कार्यपालिकाबाट थप सूचक कार्यान्वयन लागि भएको निर्णयको फोटोकपी |
| २.२ | बालमैत्री स्थानीय शासनका सूचकहरूको स्थानीयकरण (सरलीकरण) गरिएको | | सूचकको विवरण तथा स्थानीयकरण सम्बन्धी (दस्तावेज पुस्तिका) |
| २.३ | स्थानीय अवस्था र आवश्यकता अनुसार थप सूचकहरू निर्धारण गरिएको | | सूचकको विवरण तथा स्थानीय तहको सूचक थप भएको निर्णयको प्रतिलिपि |

| क्र.सं. | विवरण | छ। छैन | अनुगमन गर्नुपर्ने कागजात |
|---|---|---|---|
| ३ | सूचक प्राप्ति | | |
| ३.१ | योजनामा लक्षित सूचकहरू मध्ये तोकिए बमोजिमको नतिजा प्राप्त गरेको | | सूचक प्राप्तिको नतिजा देखिने बमोजिम अनुगमन मूल्याङ्कन प्रतिवेदन |
| ३.२ | सूचक प्राप्त भए नभएको सम्बन्धमा गाउँपालिका तथा नगरपालिकाले अनुगमन गरेको (आफै अनुगमन गरेको वा वाह्य निकायवाट अनुगमन गरिएको) | | अनुगमन मूल्याङ्कन प्रतिवेदन |
| ३.३ | सम्बन्धित विषयगत शाखावाट सूचक पुरा भएको भनि प्रमाणीकरण गरिएको | | प्रमाणित सूचक |
| ४ | अनुगमनमा सहभागिता | | अनुगमन मूल्याङ्कनमा सहभागिताको लागि अनुरोध तथा सहभागिताको उपस्थिति एवम् अनुगमन प्रतिवेदन |
| ४.१ | सम्बन्धित विषयगत शाखा | | |
| ४.२ | बाल क्लब वा बाल सञ्जाल | | अनुगमन मूल्याङ्कनमा सहभागिताको लागि अनुरोध तथा सहभागिताको उपस्थिति एवम् अनुगमन प्रतिवेदन |
| ४.३ | गाउँपालिका तथा नगरपालिका पदाधिकारी र कर्मचारी | | अनुगमन मूल्याङ्कनमा सहभागिताको लागि अनुरोध तथा सहभागिताको उपस्थिति एवम् अनुगमन प्रतिवेदन |
| ४.४ | बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैसस, विकास साझेदार, निजी क्षेत्र | | अनुगमन मूल्याङ्कनमा सहभागिताको लागि अनुरोध तथा सहभागिताको उपस्थिति एवम् अनुगमन प्रतिवेदन |
| ४.५ | बालमैत्री स्थानीय शासन, नगर, गाउँ, वडा, समुदाय समिति | | अनुगमन मूल्याङ्कनमा सहभागिताको लागि अनुरोध तथा सहभागिताको उपस्थिति एवम् अनुगमन प्रतिवेदन |
| ४.६ | सामुदायिक संस्था | | अनुगमन मूल्याङ्कनमा सहभागिताको लागि अनुरोध तथा सहभागिताको उपस्थिति एवम् अनुगमन प्रतिवेदन |
| ४.७ | अन्य (खुलाउने) | | |
| ५ | बालमैत्री गाउँपालिका तथा नगरपालिका घोषणाको लागि प्रदेश तथा वडा घोषणको लागि जिल्ला समन्वय समिति(जिसस)बाट अनुगमन | | |
| ५.१ | गाउँपालिका तथा नगरपालिकाबाट प्रदेश मन्त्रालय र जिससमा प्रतिवेदन सहित अनुगमनको लागि अनुरोध भएको | | कार्यपालिकाको कार्यालयबाट निकायमा भएको अनुरोध पत्रको प्रतिलिपि |
| ५.२ | प्रदेश मन्त्रालय तथा जिससबाट अनुगमन भएको | | गाउँपालिका /नगरपालिकाको |

| क्र.सं. | विवरण | छ।छैन | अनुगमन गर्नुपर्ने कागजात |
|---|---|---|---|
| | | | हकमा प्रदेशस्तरबाट र वडाको हकमा जि.स.स.बाट भएको अनुगमन गरेको प्रतिवेदन |

(छ) बालबालिकाको सहभागिता

| संरचना | सख्या | बालबालिकाको सहभागिता सख्या | | बालबालिकाले उठाएका विषयहरू | बालबालिकाले उठाएका विषयहरू कसरी सम्वोधन गरिएको छ |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | | |
| बालमैत्री स्थानीय शासन नगर ।गाउँ समिति | | | | | |
| बालमैत्री स्थानीय शासन वडा समिति | | | | | |
| बालमैत्री स्थानीय शासन समुदाय समिति | | | | | |
| वस्ती।टोलस्तरको आयोजना।कार्यक्रम छनौट समिति | | | | | |
| विद्यालय व्यवस्थापन समिति | | | | | |
| स्वास्थ्य व्यवस्थापन समिति | | | | | |
| बाल भेला | | | | | |
| बाल अधिकार समिति | | | | | |
| विपद् व्यवस्थापन समिति | | | | | |
| अन्य | | | | | |

२१. **जनशक्ति परिचालन तथा अनुगमन समितिः** (१) बालमैत्री स्थानीय तह घोषणाको गर्नुपर्ने अनुगमन, मूल्याङ्कन बालमैत्री स्थानीय शासन सम्बन्धी दक्षता भएको जनशक्ति र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ज्ञान भएका व्यक्ति वा निकायबाट गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमनमा मन्त्रालय, नेपाल सरकारका निकाय, प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय, जिल्ला समन्वय समिति र नागरिक समाज एवम् विकास साझेदारबाट उपलब्ध हुने जनशक्ति प्रयोग गर्न सकिनेछ।

(३) अनुगमन कार्यमा आवश्यक जनशक्ति र अन्य प्राविधिक सहयोगको लागि बाह्य संघसंस्था वा परामर्शदाताको सहयोग लिन सकिनेछ।

(४) वडा, गाउँपालिका तथा नगरपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम बालमैत्री भएको घोषणको लागि सिफारिस गर्न विभिन्न तहमा देहाय बमोजिम अनुगमन समिति रहने छन्।

**क. प्रदेशस्तरीय अनुगमन समिति**

१. सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, संयोजक
२. उपसचिवस्तरको प्रतिनिधि, सामाजिक विकास तथा स्वास्थ्य विषय हेर्ने मन्त्रालय, सदस्य
३. उपसचिव स्तरको प्रतिनिधि, शिक्षा वा सम्वन्धित विषय हेर्ने मन्त्रालय, सदस्य
४. उपसचिव स्तरको प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग, सदस्य
५. प्रतिनिधि, प्रदेशस्तरीय बालअधिकार समिति, सदस्य
६. प्रतिनिधि, प्रदेशस्तरमा बालमैत्री सवालमा क्रियाशिल संघ संस्था,(एक जना) सदस्य
७. प्रतिनिधि, नेपाल पत्रकार महासंघ, प्रदेशस्तरीय समिति सदस्य
८. प्रदेशस्तरमा क्रियाशिल बाल क्लब सञ्जाल (एक बालिकासहित २ जना) सदस्य
९. मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको अधिकृत सदस्य सचिव

**ख. जिल्लास्तरीय अनुगमन समिति**

१. प्रमुख, जिल्ला समन्वय समिति, संयोजक
२. उपप्रमुख, जिल्ला समन्वय समिति सदस्य
३. जिल्ला समन्वय अधिकारी सदस्य
४. अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सदस्य
५. अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय सदस्य
६. प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई सदस्य
७. प्रतिनिधि, नेपाल पत्रकार महासंघ, जिल्ला कार्य समिति सदस्य
८. जिल्लामा क्रियाशिल बाल क्लब सञ्जाल (एक बालिकासहित २ जना) सदस्य
९. जिल्ला उद्योग वाणिज्य महासंघ वा यस्तै निजी क्षेत्रको साझा संगठनको प्रतिनिधि, सदस्य
१०. अधिकृत प्रतिनिधि, स्वास्थ्य कार्यालय (प्रदेश अन्तर्गत) सदस्य
११. जिल्ला समन्वय समितिको अधिकृत सदस्य सचिव

(५) उपदफा (४) बमोजिमको अनुगमन समितिले बालमैत्री स्थानीय शासनको घोषणा सहमतिको लागि सिफारिस गर्दा ध्यान दिनुपर्ने मुख्य विषयहरू देहाय बमोजिम हुनेछन्।

(क) अनुसूची ७ बमोजिमको प्रगति प्रतिवेदन गाउँपालिका तथा नगरपालिकाले सम्बन्धित जिल्ला समन्वय समिति तथा प्रदेश मन्त्रालय र वडाले सम्बन्धित गाउँपालिका तथा नगरपालिकामा र वडाबाट प्राप्त विवरण कार्यपालिकाले जिल्ला समन्वय समितिमा पेश गरेको छ, छैन?

(ख) वडा, गाउँपालिका तथा नगरपालिकामा बालमैत्री स्थानीय शासनका सूचकहरू प्राप्त भयो वा भएन भनी स्थानीयस्तरमा हुने अनुगमन कार्यमा सम्बन्धित विषयगत शाखा, बाल क्लब, बाल क्लब सञ्जाल वा यस्तै अन्य निकायको भूमिका के छ ?

(ग) बालमैत्री स्थानीय तह घोषणा पश्चात दिगोपना दिने रणनीति तयार छ वा छैन ? छ भने यसको विश्वसनियता के छ? देहायको आधारमा हेर्नेः

१. कम्तिमा आगामी ५ वर्षको आवधिक योजना वा दीर्घकालीन नीति स्वीकृत भै कार्यान्वयनमा रहेको छ वा छैन,
२. संस्थागत विकासको रणनीति तयार भएको छ वा छैन,
३. बालबालिकाको क्षेत्रमा लगानी हुने गरी बजेट सुनिश्चित गरिएको छ वा छैन,
४. बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको छ वा छैन,
५. बाल भेला, सहभागितामूलक लेखाजोखा र विश्लेषण पद्धति स्थापित भएको छ वा छैन,
६. उल्लिखित कार्यक्रम सामाजिक परिचालन पद्धतिसँग आवद्ध गरिएको, छ वा छैन।

(घ) बालमैत्री स्थानीय शासनलाई निरन्तरता दिने सम्बन्धमा नागरिक समाज, सामुदायिक संस्था र साझेदार संस्थाहरूको भूमिका के कस्तो रहने गरी निर्धारण गरिएको छ ? यसमा नेपाल सरकारका निकाय, प्रदेश सरकारका विषयगत निकाय, गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार, स्थानीय तह, वडा, बाल क्लब तथा बाल क्लब सञ्जाल र समुदायको सहभागिता र अपनत्व कसरी सुनिश्चित गरिएको छ?

(ङ) स्थानीय संरचनाहरूमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता र समावेशी छ? अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत जोखिममा रहेका, आर्थिक सामाजिक सांस्कृतिक र भौगोलिक रूपमा विविधता रहेका, वैकल्पिक स्याहारमा रहेका बालबालिकाको समानुपातिक सहभागिता सुनिश्चित गरिएको छ? अर्थपूर्ण बाल सहभागिताका लागि आवश्यक नीतिगत व्यवस्था छ ?

(च) स्थानीय तहले आफै वा विभिन्न सरोकारवालाहरूले तयार गरेका भौतिक संरचना बालमैत्री छ ? गाउँपालिका तथा नगरपालिकाले नक्शा पास गर्दा वा सरकारी सार्वजनिक भौतिक संरचनाको निर्माणको सम्झौता तथा कार्यदिशमा बालमैत्री हुनुपर्ने प्रावधान उल्लेख गरिएको छ? विकास निर्माणसँग सम्वन्धित अनुगमनको सूचकहरूमा भौतिक संरचना बालमैत्री भए नभएको समावेश गरिएको छ ?

(छ) बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर दिलाउने मुख्य भूमिकामा रहेका अभिभावकलाई सो भूमिका निभाउन आवश्यक अभिभावक शिक्षा तथा सहयोगको व्यवस्था गरिएको छ ?

२२. **<u>प्रतिवेदन अध्ययन विश्लेषण गरिने अनुगमनः</u>** (१) बालमैत्री स्थानीय तह तथा वडा घोषणा गर्न चाहने र तिनका वडाहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र यस कार्यविधिको अनुसूची ७ मा उल्लेख गरिएको ढाँचामा प्रतिवेदन तयार गरी गाउँपालिका तथा नगरपालिकाको हकमा जिल्ला समन्वय समिति तथा सम्बन्धित प्रदेश मन्त्रालय र वडाको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिका र वडाको विवरण कार्यपालिकाबाट जिल्ला समन्वय समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन जिल्ला समन्वय समिति र प्रदेश मन्त्रालयले अध्ययन विश्लेषण गर्नेछन् ।विषयगत शाखा, गैरसरकारी संस्था, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार तथा समुदायस्तरमा भएका अन्य प्रतिवेदन, सूचना प्रणाली, अभिलेख, योजना दस्तावेज, मामिला अध्ययन, वुलेटिन जस्ता अभिलेख तथा प्रतिवेदन प्रणालीको आधारमा दफा २१ बमोजिमका अनुगमन समितिले प्रतिवेदनको अध्ययन विश्लेषण गर्नुपर्नेछ।

२३. **<u>स्थलगत अवलोकन तथा सर्वेक्षण</u>** (१) सेवा प्रवाहको अवस्था र सूचकको गुणस्तर अवलोकन वा परीक्षणको लागि अनुगमन समितिले स्थलगत अवलोकन तथा सर्वेक्षण भ्रमण गर्न सक्नेछ।स्थानीय आवश्यकता अनुसार समितिले विषयगत निकाय, बाल क्लब सञ्जाल, बाल अधिकार समिति र गैससको समेत प्रतिनिधित्व गराउनु पर्नेछ।अनुगमन समितिले देहाय बमोजिमका सरोकारवालाहरूसँग उपयुक्त पद्धति अवलम्वन गरी सूचना लिनुपर्नेछः

(क) बाल क्लब, बाल क्लब सञ्जाल र बालबालिकाका अभिभावक (विशेषगरी आमा समूह)सँग अन्तरक्रिया,

(ख) वस्ती /टोलहरूको स्थलगत अवलोकन र स्थानीय नागरिकहरू, स्वास्थ्य स्वयंसेविका, टोल विकास संस्थासँग कुराकानी,

(ग) वडाको हकमा कम्तिमा १ आधारभुत विद्यालय, १ माध्यमिक विद्यालय तथा गाउँपालिका तथा नगरपालिकाको हकमा कम्तिमा ६ आधारभुत विद्यालय र ६ माध्यमिक विद्यालय (

तर,कुनै गाउँपालिका तथा नगरपालिकामा यस्ता विद्यालय नभएको अवस्थामा स्थानीय परिवेश अनुसार अनुगमन पद्धतिमा समावेश गर्न आवश्यक पर्ने छैन्

(घ) वडाको हकमा कम्तिमा २ र गाउँपालिका तथा नगरपालिकाको हकमा कम्तिमा ५ प्रारम्भिक बाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षाको अवलोकन,

(ङ) स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारीसँगको अन्तरक्रिया,

(च) नागरिक संस्था तथा साझेदार संस्थाहरूसँग अन्तरक्रिया,

(छ) बालमैत्री स्थानीय शासन समिति र गाउँपालिका तथा नगरपालिका एवम् वडाका जनप्रतिनिधिसँग बैठक ।

२४. **उपलब्धि मापनः** अनुगमन समितिले अनुगमनको क्रममा देहायका विषयमा उपलब्धिको मापन गर्नुपर्नेछ।

(क) बालबालिकाहरूले के कस्ता योजनाहरू माग गर्ने गरेका छन् ?

(ख) प्रारम्भिक बालविकासका के कति योजना वार्षिक योजनाले समावेश छन् ?

(ग) बालबालिकाले माग गरेका योजनामध्ये कुन प्रकृतिका कति योजनाहरू विगत २ वर्षको गाउँ /नगर सभाबाट स्वीकृत भएका छन् ?

(घ) बालबालिकाको सहभागिताबाट भएको सिकाई (बालबालिकाको सहभागिता भएर के कस्ता नयाँ विषयहरू आए र यसबाट स्थानीय तहको निर्णय प्रक्रियामा कस्तो सहयोग पुग्यो भन्ने जस्ता विषयहरू)

(ङ) बालबालिकाले व्यक्त गरेका राम्रा /सफल उदाहरणहरू केही भएमा उल्लेख गर्ने।

२५. **अनुमगन समितिको प्रतिवेदनमा खुलाउनु पर्ने विषयः** अनुगमन समितिले गाउँपालिका तथा नगरपालिका र वडाको बालमैत्री स्थानीय शासनका सूचक प्राप्तिको अनुगमन गर्दा देहायका विषयलाई अध्ययन तथा विश्लेषण गरी अनुसूची १४ बमोजिकको चेकलिष्टको आधारमा प्रतिवेदन तयार गर्नु पर्दछः

(क) त्रैमासिक रूपमा संयुक्त अनुगमन हुन्छ वा हुँदैन ?

(ख) अनुगमनको लागि निर्दिष्ट फारम /चेक लिष्ट तथा प्रतिवेदन ढाँचा तयार गरिएको छ, छैन?

(ग) यस अगाडि भएका अनुगमनबाट दिएको प्रतिवेदनमा समावेश गरिएका मुद्दाहरूलाई कसरी सम्बोधन गरिएको छ र दिइएका सुझावहरू कार्यान्वयन भएका छन् वा छैनन् ? कार्यान्वयन प्रक्रिया कसरी मिलाइएको छ ?

(घ) बालमैत्री स्थानीय शासनको नतिजा प्राप्त गर्न गाउँपालिका तथा नगरपालिकाका विषयगत शाखा, वडा र अन्य निकाय तथा सहयोगी र साझेदार संस्थाहरू मिलेर संयुक्त रूपमा के कस्ता प्रयासहरू भएका छन् ?

(ङ) विषयगत शाखा, गैरसरकारी संस्था र अन्य साझेदार संस्थाहरूसँगको समन्वय कस्तो छ ?

(च) समन्वयको कार्य कसरी हुने गरेको छ ? गत आ.व.मा बालभेलाबाट माग भैइ आएका कति प्रतिशत योजना तथा कार्यक्रमहरू वार्षिक गाउँ /नगर योजनामा समावेश भएका छन् ?

(छ) सफल उदाहरणीय नमूना कार्य (माथि उल्लेख गरिएका कार्यमध्ये कुनै उल्लेख्य कार्य भएको भएमा बुँदागत रूपमा प्रमाण समेत देखिने गरी विस्तृत विवरण राख्ने)

(ज) मुख्य मुख्य सिकाईहरू,

(झ) भावी कार्य योजना तथा प्राथमिकता।

२६. **अनुगमन समितिबाट घोषणाको लागि सिफारिस गर्नेः** (१) यस कार्यबिधि तथा बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८ बमोजिम प्रदेश तथा जिल्लास्तरीय समितिबाट सूचक प्राप्तिको अनुगमन पश्चात सूचक प्राप्ति भएको अवस्थामा अनुगमन समितिले बालमैत्री गाउँपालिका तथा नगरपालिका एवम् वडा घोषणाको लागि सम्बन्धित प्रदेश मन्त्रालय वा निकाय तथा जिल्ला समन्वय समितिलाई घोषणाको लागि सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोमिम अनुगमन समितिले सिफारिस गर्दा निर्देशिका बमोजिमका सूचकको अवस्था प्रमाणीकरण गरी प्रदेश मन्त्रालय तथा जिल्ला समन्वय समितिको कार्यालयमा प्रतिवेदन गर्नुपर्नेछ।

२७. **अनुगमन प्रतिवेदन पठाउनु पर्नेः** अनुगमन समितिबाट यस कार्यविधि वमोजिम स्थानीय तहमा बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन तथा सूचक प्राप्तिको अवस्था देखिने गरी प्राप्त अनुगमन प्रतिवेदनमा वडाको हकमा जिल्ला समन्वय समिति र स्थानीय तहको हकमा स्थानीय तहको प्रदेश सम्पर्क मन्त्रालयले बालमैत्री वडा तथा गाउँपालिका /नगरपालिका घोषणाको सहमति दिनुपूर्व मन्त्रालयलाई पुर्व जानकारी गराउनु पर्नेछ। यस्तो जानकारी मन्त्रालयले तयार गरेको विद्युतीय माध्यम (अनलाइन डाटावेश) मार्फत समेत उपलब्ध गराउन सकिनेछ।

२८. **सूचक प्राप्तिको सुनिश्चिता गर्नुपर्नेः** वडा, गाउँपालिका तथा नगरपालिकाले निर्देशिका र यस कार्यविधि बमोजिमको कार्यविधि पालना र सूचक प्राप्तिको सुनिश्चिता नभई एवम् घोषणाको लागि तत् तत् निकायको सहमति प्राप्त नगरी बालमैत्री स्थानीय तह घोषणा गर्नुहुदैन। दफा २६ बमोजिमको अनुगमन कार्यबाट सूचक प्राप्तिको प्रमाणित गर्नुपर्नेछ।

२९. **बालमैत्री स्थानीय तह घोषणाः** (१) स्थानीय तहले बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने गरी कार्यपालिका वा सभाबाट निर्णय भएको तीन वर्षसम्म नियमित प्रवर्द्धनका कार्यक्रमको सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वडा, गाउँपालिका तथा नगरपालिकामा नियमित कार्यक्रम सञ्चालन पश्चात बालमैत्री स्थानीय तह घोषणाको सहमति लिन यस कार्यविधि बमोजिमको आवश्यक विवरण सहित अनुगमनको लागि वडाको हकमा जिल्ला समन्वय समिति र गाउँपालिका तथा नगरपालिकामा हकमा सम्बन्धित प्रदेश मन्त्रालयमा अनुरोध गर्नु पर्नेछ।

(३) अनुगमन समितिले अनुगमन गरी सूचकको प्राप्तिको अवस्था सहित दिएको प्रतिवेदनको आधारमा प्रदेश मन्त्रालय तथा जिल्ला समन्वय समितिले सम्बन्धित स्थानीय तहलाई सहमति प्रदान गर्नु पर्नेछ।

(४) स्थानीय तहले बालमैत्री स्थानीय शासन कार्यक्रम अवलम्बन गरी बालमैत्री स्थानीय तह घोषणाको चरणमा निर्देशिका र कार्यविधि बमोजिम सबै वडालाई बालमैत्री घोषणा गरिसकेपछि मात्र गाउँपालिका तथा नगरपालिकालाई बालमैत्री घोषणा गर्नुपर्नेछ।

(५) उपदफा (३) बमोजिम समितिबाट सिफारिस तथा जिल्ला समन्वय समिति एवम् प्रदेश मन्त्रालयबाट सहमति प्राप्त भएपश्चात वडा तथा गाउँपालिका वा नगरपालिकालाई बालमैत्री वडा तथा स्थानीय तह घोषणाको लागि कार्यपालिकाबाट निर्णय गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्णय पश्चात बालमैत्री स्थानीय शासनलाई संस्थागत गर्ने घोषणा समारोह गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः

(क) कार्यपालिका वा सभाको निर्णय,

(ख) बालमैत्री स्थानीय शासनको दिगोपनाको लागि स्थननीय तहका पदाधिकारी तथा उपस्थित राजनीतिक दल, संघ संस्था, पत्रकार एवम् स्थानीय तहको शासकीय पद्धतिमा सरोकार राख्ने पदाधिकारीबाट सामूहिक प्रतिवद्धता,

(ग) दिगोपनालाई सुनिश्चित गर्ने गरी नीति, रणनीति तथा योजनाको तयारी,

(घ) समारोहमा स्थानीय राजनीतिक दल, बाल क्लव तथा सञ्जाल, बाल अधिकार एवम् बालमैत्री स्थानीय शासनमा सरोकार राख्ने निकाय, संघ संस्था तथा समूह, स्थानीय नागरिक समाज र निजी क्षेत्र समेतको प्रतिनिधित्व,

(ङ) बालमैत्री संरचना सहितको समारोह स्थल र श्रृङ्गार,

(च) बालबालिकालाई शारीरिक र मानसिक दवाव नपर्ने खालको स्थानीय झाँकी,

(छ) बालमैत्री आचारसंहिताको पालाना,

(ज) संक्षिप्त घोषणा कार्यक्रम,

(झ) विद्यालयमा पठनपाठनमा असर नगर्ने दिन र मिति,

३०. **पुरस्कार र सम्मानको व्यवस्था:** बालमैत्री स्थानीय तह घोषणा भएका नगरपालिका/गाउँपालिका र वडाहरूलाई देहाय बमोजिमको सम्मान र पुरस्कार प्रदान गर्न सकिनेछः

(क) सम्बन्धित गाउँ/नगरपालिकाबाटः

१. बालमैत्री घोषणा भएको वडालाई गाउँपालिका तथा नगरपालिकाका अध्यक्ष वा प्रमुखबाट हस्ताक्षर गरी कदर-पत्र,

२. बालमैत्री स्थानीय शासनलाई थप प्रवर्द्धन गर्न बालमैत्री भौतिक पूर्वाधार निर्माण र बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी थप योजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गराउन सकिने,

***स्पष्टिकरणः*** *कदर र प्रोत्साहन स्वरुप प्राप्त हुने यस्तो योजना।कार्यक्रम बालमैत्री घोषणा भएपछिका ५ वर्षसम्म निरन्तर प्रदान गर्न सकिने र घोषणाको ५ वर्ष पछि पुनः अनुगमन गरी उपयुक्त देखिएमा निरन्तरता दिन सकिनेछ।*

(ख) जिल्ला समन्वय समितिबाटः

१. जिल्ला समन्वय समितिका प्रमुखको हस्ताक्षर सहितको कदर-पत्र।

(ग) सम्बन्धित प्रदेश सरकारबाटः

१. बालमैत्री नगरपालिका र गाउँपालिका घोषणाको हकमा प्रदेश सरकारका मन्त्रीको हस्ताक्षर सहितको कदर-पत्र ।

२. बालमैत्री स्थानीय तह घोषणा भएका नगरपालिका/गाउँपालिकालाई थप अनुदान तथा नगद पुरस्कार दिन सक्ने।

(**घ**) नेपाल सरकारबाटः

१. बालमैत्री नगरपालिका र गाउँपालिका घोषणाको हकमा नेपाल सरकारका सम्बन्धित मन्त्रीबाट हस्ताक्षर गरिएको कदर-पत्र।

२. स्थानीय तहबाट अनुरोध भएको विषयलाई प्रथामिकतामा राखी विशेष अनुदान दिन सक्ने।

३१. **घोषणा पछिको अनुगमन सम्बन्धी व्यवस्थाः** (१) बालमैत्री स्थानीय शासनको दिगोपना र सेवाको सुनिश्चितताको लागि निर्देशिका बमोजिमका सूचकको अवस्थाको बारेमा सम्बन्धित प्रदेश तथा जिल्ला समन्वय समितिले प्रत्येक २ वर्षमा एक पटक बालमैत्री स्थानीय तह घोषणा भएका **वडा,** गाउँपालिका तथा नगरपालिकाको अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमनबाट देखिएका सवल तथा कमजोर पक्षहरूलाई सुधार गर्न प्रदेश मन्त्रालय तथा जिल्ला समन्वय समितिले स्थानीय तहलाई मार्गदर्शन दिन सक्नेछ।

(३) बालमैत्री स्थानीय शासनको दिगोपनको लागि प्राप्त मार्गदर्शनको पालना सम्बन्धित वडा, गाउँपालिका तथा नगरपालिकाले गर्नु पर्नेछ।

(४) बालमैत्री घोषणा भएको वडा, गाउँपालिका तथा नगरपालिकाले प्राप्त उपलब्धि र नतिजालाई निरन्तरता दिन असमर्थ भएमा सम्बन्धित सभाले विगतमा भएको घोषणामा पुनर्विचार गर्नुपर्नेछ।

३२. **बालमैत्री स्थानीय शासनको दिगोपना** (१)सम्बन्धित स्थानीय तहले बालमैत्री स्थानीय तहको घोषणा पश्चात दिगोपनाका लागि नियमित रूपमा आवश्यक नीतिगत व्यवस्था, वार्षिक बजेट तथा कार्यक्रमको अवस्था र बालमैत्री स्थानीय शासनका सूचकको अवस्था विश्लेषण गरी सार्वजनिक गर्नु पर्नेछ।

(२) स्थानीय तहले बालमैत्री स्थानीय शासन घोषणा हुँदाको समयमा प्राप्त भएको प्रतिफलमा कुनै प्रतिकूल असर नपर्ने गरी प्राप्त उपलब्धिको जगेर्ना गर्दै थप उपलब्धिका लागि क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(३) स्थानीय तहले निर्देशिका बमोजिम बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि कम्तीमा पाँचवर्षको रणनीतिक योजना बनाई स्रोत साधनको सुनिश्चित सहित कार्यान्वयन गर्नु पर्नेछ।

३३. **अनुसूचीको प्रयोगः** बालमैत्री स्थानीय शासन कार्यान्वयन तथा घोषणाको लागि अनुसूची १ देखि १४ सम्मका फाराम प्रयोग गर्नुपर्नेछ।

३४. **बाधा अड्काउ फुकाउ तथा कार्यविधिमा संशोधनः** कार्यविधि कार्यान्वयनमा केही अस्पष्ट वा बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन तथा कार्यविधि संशोधन एवम् अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

## अनुसूची १

## घरधुरी सर्वेक्षण फारमको नमुना

(दफा १० (३) ख सँग सम्बन्धित)

*परिवार र व्यक्तिको गणना गर्दा अक्सर बसोवास गरेको ठाँउबाट गर्नुपर्दछ । उत्तर लेख्दा चिन्ह लगाउने ठाउँमा उपयुक्त संकेतमा गोलो चिन्ह ० लगाउनु पर्दछ ।*

*लेख्नु पर्ने भएमा स्पष्ट अक्षर वा अंकमा लेख्नु पर्दछ । कोडहरु लेख्नु पर्ने ठाउँमा स्पष्ट अंक वा अक्षरमा लेख्नुपर्दछ ।*

वडा नं.                बस्ती कोड नं.                बस्तीको नाम ................................

घर क्र.सं........          परिवार क्र.सं...........

१. परिवार मूलीको नाम .....................          लिङ्ग    १ महिला    २ पुरुष    ३) तेस्रो लिङ्गी

२. जाति                ३ धर्म                ४ मातृभाषा

५. परिवार संख्या

| उमेर समूह | महिला | पुरुष | तेस्रो लिंगी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ वर्षभन्दा मुनि | | | | | |
| १ - २ वर्षसम्म | | | | | |
| ३ - ४ वर्षसम्म | | | | | |
| ५ - ६ वर्षसम्म | | | | | |
| ७ - ८ वर्षसम्म | | | | | |
| ९- १० वर्षसम्म | | | | | |
| ११- १२ वर्षसम्म | | | | | |
| १३-१४ वर्षसम्म | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ - १६ वर्षसम्म | | | | | |
| १७ - १८ वर्षसम्म | | | | | |
| १९ - २४ वर्षसम्म | | | | | |
| २५ - ४५ वर्षसम्म | | | | | |
| ४६ - ६० वर्षसम्म | | | | | |
| ६१ - ७५ वर्षसम्म | | | | | |
| ७५ वर्ष भन्दा माथि | | | | | |
| जम्मा | | | | | |

६. तपाईको परिवारको खानेपानीको मुख्य स्रोत कुन हो ?

क) पाइपको धाराको पानी प्रयोग गर्ने ख) ट्यूबवेलको पानी प्रयोग गर्ने

ग) इनार, कुवा, जरुवाको पानी प्रयोग गर्ने घ) नदी, कुलो, नहर, पोखरीको पानी प्रयोग गर्ने

ङ) आकाशे पानी संकलन गरी प्रयोग गर्ने च) ………… (खुलाउने) को पानी प्रयोग गर्ने ।

७. खानेपानी ल्याउन (जाँदा आउँदा) लाग्ने समय

क) घरैमा भएको ( ) ख) १५ मिनेटसम्मको दुरीमा ( )

ग) १५ - ३० मिनेटको दुरीमा ( ) घ) ३० मिनेटभन्दा बढी समय लाग्ने ( )

८. खानेपानीको घरायसी रुपमा कसरी प्रशोधन गर्ने गरिएको छ ।

क) प्रर्णाली बाट नै सुरक्षित खानेपानी आउने गरेको ( )

ख) सधै उमालेर प्रयोग गर्ने गरेको ( )

ग) सुरीक्षित फिल्टर जडान गरिएको ( )

घ) केहि नरहेको ( )

९.खानेपानीको गुणस्तरः पानीजन्य रोगब्याधीबिगत १ बर्षमा

क) घरमा कसैलाई झाडापखाला नलागेको ( )

ख) घरका सदस्यहरु बर्षमा कम्तीमा १ पटक झाडापखालाबाट विरामी भएको ( )

घ) घरका सदस्यहरु बर्षमा कम्तीमा २ पटक झाडापखालाबाट विरामी भएको ( )

घ) घरका सदस्यहरु बर्षमा कम्तीमा ३ वा सो भन्दा बढी पटक झाडापखालाबाट विरामी भएको ( )

१०. शौचालयको अवस्था

क) कच्ची

ख) पक्की (१) वायोग्यासमा जडान भएको (२) ढलमा शौचालय जडान भएको

ग) शौचालय नभएको

११. तपाईको घरमा खानखानु अगाडि, बच्चाको दिसा धोएपछि र शौचालय गएर आएपछि हात के ले धुनुहन्छ ?

क) साबुनपानी ( ) ख) खरानी पानी ( ) ग) पानीमात्र ( )

घ) ढुङगा/माटो ( ) ङ) केही पनि नगर्ने ( )

१२. परिवारको कुनै सदस्य बिरामी भएमा उपचारका लागि सबैभन्दा पहिला कहाँ जानुहुन्छ ?

क) लामा, धामी, झाँक्री ख) परंपरागत वैद्य ग) स्थानीय स्वास्थ्य संस्था/चौकी

घ) अस्पताल (निजी, सरकारी) ङ) अन्य भए (खुलाउने) ..........

१३ . नजिकको स्वास्थ्य संस्थामा पुग्न लाग्ने समय

क) उपस्वास्थ्य चौकी / स्वास्थ्य चौकी / प्राथमिक स्वास्थ्य केन्द्र रहेको स्थान ............दूरी.......... र पुग्न लाग्ने समय

(.................... घण्टा/दिन)

ख) अस्पताल रहेको स्थान ..............दूरी ............ र पुग्न लाग्ने समय (............. घण्टा/दिन)

१४. बालबालिका बिरामी पर्दा तुरुन्त उपचार गर्ने आर्थिक क्षमता छ ?

क) छ ख) छैन

१५. वितेको २ बर्षभित्र जन्मेका बालबालिकाको विवरण

| लिंग | जन्मेको जीवित शिशुको जम्मा संख्या | जन्मने वितिक्कै बेगुति दुध खुवाएको संख्या | जन्मने वितिक्कै बेगुति दुध नखुवाएको संख्या | ६ महिनासम्म आमाको दुध मात्र खुवाएको संख्या | ६ महिनासम्म आमाको दुध र अन्य खानेकुरा पनि खुवाएको संख्या | २ महिना वा सो भन्दा कम मात्र आमाको दुध खुवाएको संख्या |
|---|---|---|---|---|---|---|
| बालक | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बालिका | | | | | | |
| तेस्रो लिङ्गी | | | | | | |
| जम्मा | | | | | | |

१६. तपाईंलाई बालरोग तथा खोपहरुको विषयमा जानकारी छ ?

क) छ ख) छैन

१७. एक वर्ष मुनिका बालबालिकालाई खोप लगाएको विवरण

| लिङ्ग | जम्मा संख्या | बि.सि.जी. (BCG) लगाएको लगाएको संख्या | डि.पि.टि १ (DPT1) लगाएको लगाएको संख्या | डि.पि.टि २ लगाएको संख्या | डि.पि.टि ३ लगाएको संख्या | दादुरा/रुबेला बिरुद्धको खोप लगाएको संख्या | हेपटाईटिस वी बिरुद्धको खोप लगाएको संख्या |
|---|---|---|---|---|---|---|---|
| बालक संख्या | | | | | | | |
| बालिका संख्या | | | | | | | |
| तेस्रो लिङ्गी | | | | | | | |
| जम्मा | | | | | | | |

१८. पाँच वर्षमुनिका बालबालिकालाई वर्षको २ पटक भिटामिन ए, जुकाको औषधी र पोलियो थोपा खुवाएको विवरण

| लिङ्ग | जम्मा संख्या | भिटामिन ए खुवाएका बालबालिकाको संख्या | जुकाको औषधी खुवाएका बालबालिकाको संख्या | पोलियो थोपा खुवाएका बालबालिकाको संख्या |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| बालक संख्या | | | | |
| वालिका संख्या | | | | |
| तेस्रो लिङ्गी संख्या | | | | |
| जम्मा | | | | |

१९. बितेको १ वर्षभित्रको तपाईको परिवारमा रहेका गर्भवती महिलाको स्वास्थ्य अवस्था बारे जानकारी

| गर्भवती आमाको विवरण | गर्भवती परीक्षण गरेको पटक (संख्या) | आइरन चक्की को प्रयोग (चक्कि संख्या) | टि. टि. खोप लगाएको संख्या | प्रसूति भए नभएको | प्रसूति कहाँ भएको (तलको कोठामा नम्बर लेख्ने)<br>१. स्वास्थ्य संस्थामा,<br>२. घरमा स्वास्थ्य कर्मीको सहयोगमा,<br>३. घरमा स्वास्थ्य कर्मीको सहयोग बिना<br>४. अन्य ...................... | नवजात शिशुको जाँच गराएको संख्या |
|---|---|---|---|---|---|---|
| गर्भवती १ | | | | | | |
| गर्भवती २ | | | | | | |
| गर्भवती ३ | | | | | | |
| ................ | | | | | | |
| ................ | | | | | | |
| ................ | | | | | | |

२०. तपाईको परिवारमा एच्आईभी संक्रमित आमावाट जन्मेका बालवालिका छन्?

१. छन्  २. छैनन्

यदि छन् भने उनीहरुले ARV Prophylaxis पाएका छन् ?

१. छन्  २. छैनन्

२१. तपाईको परिवारको १८ वर्षभन्दा मुनिको सदस्यलाई कुनै दीर्घ रोग लागेको छ ?

१. छ       २. छैन

यदि लागेको छ भने देहायको विवरण खुलाउनुहोस् :

| रोगको नाम | बलिका | बालक | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|
| एच.आई.भि./ एड्स | | | | |
| क्षयरोग | | | | |
| क्यान्सर | | | | |
| मधुमेह (चिनीरोग) | | | | |
| मुटु | | | | |
| मृगौला | | | | |
| अन्य ........... | | | | |

२२. तपाईको परिवारमा दीर्घ रोगको कारण विगत १० वर्षमा १८ वर्ष भन्दामुनिका कुनै सदस्यको मृत्यु भएको छ ?

१. छ       २. छैन

यदि छ भने देहायको विवरण खुलाउनुहोस् :

| मृत्यु गराउने रोगको नाम | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|
| एच.आई.भि./ एड्स | | | | |
| क्षयरोग | | | | |
| क्यान्सर | | | | |
| मधुमेह (चिनी रोग) | | | | |
| मुटु | | | | |
| मृगौला | | | | |
| अन्य ........... | | | | |

२३. बितेको १ वर्षभित्र तपाईंको परिवारमा ५ वर्षमुनिका कुनै बालबालिकाको मृत्यु भएको छ ?

१) छ २) छैन

यदि छ भने कतिजनाको मृत्यु भएको थियो र के कारणबाट मृत्यु भएको थियो ?

| लिङ्ग | मृत्यु भएको जम्मा संख्या | मृत्यु हुनाको कारण |
|---|---|---|
| बालक | | |
| बालिका | | |
| तेस्रो लिङ्गी | | |
| जम्मा | | |

२४. दुई बालबालिका चिन्ह भएको आयोडिनयुक्त नुन प्रयोग गर्ने गर्नुभएको छ ?

क) छ ख) छैन

२५. ५ वर्ष मुनिका बालबालिकाले पोषिलो खाना (दिनको कम्तिमा ३ पटक दुध, लिटो, भात, फलफुल र सागसव्जी) खान पाउँछन् ?

क) पाउँछन् ख) पाउँदैनन्

२६. तपाईंको परिवारका १ वर्ष मुनिकाको मासिक र १ वर्ष भन्दा माथि ५ वर्ष सम्मका बालबालिकाहरुको त्रैमासिक रुपमा तौल लिने गरिएको छ ?

१. छ २. छैन

छ भने पाँच वर्ष मुनिका बालबालिकाको तौल (वजन)

| क्र.सं. | उमेर (महिनामा) | तौल (वजन) | कुपोषण (कम तौल) छ | पोषणयुक्त (ठिक तौल) छ |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२७. पाँच वर्षमुनिका र ६ वर्षदेखि १८ वर्षसम्मका बालबालिकाको जन्म दर्ता गराएको विवरण

| ५ वर्षमुनिका बालबालिका | | | | ६ देखि १८ वर्षसम्मका बालबालिका | | |
|---|---|---|---|---|---|---|
| लिंग | जम्मा संख्या | जन्म दर्ता गराएको संख्या | जन्म दर्ता नगराएको संख्या | जम्मा संख्या | जन्म दर्ता गराएको संख्या | जन्म दर्ता नगराएको संख्या |
| बालक | | | | | | |
| बालिका | | | | | | |
| तेस्रो लिङ्गी | | | | | | |
| जम्मा | | | | | | |

२८. गएको ३ वर्षभित्र तपाईंको परिवारमा कसैको विवाह भएको भए सो को विवरण दिनुहोस्।

| विवाह भएको | संख्या | विवाह गर्दाको उमेर कति वर्षको थियो | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १) | २) | ३) | ४) | ५) | ६) | ७) |
| पुरुष | | | | | | | | |
| महिला | | | | | | | | |
| तेस्रो लिङ्गी | | | | | | | | |
| जम्मा | | | | | | | | |

२९. तपाईको परिवारका १८ वर्षसम्मका बालबालिका अरुको घरमा काम गर्न बसेका छन् ?

१. छ २. छैन

यदि छन् भने क) बालक संख्या ................ ख) बालिका संख्या ...................

ग) तेस्रो लिङ्गी ......................

| वच्चाको उमेर कति छ (वर्ष) | लिंग ( बालक, बालिका, तेस्रो लिङ्गी) | कामको किसिम | | कति घण्टा काम गर्छन् | यो काम गरेको कति वर्ष भयो | वार्षिक कति रुपिया पाउछन् ( जिन्सि भए नगदमा | वर्षमा कति पटक तपाई आफ्नो वच्चालाई भेट्न | विद्यालयमा पढ्ने गरेको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यक्तिगत घर | होटल, पसल | | | | | छ | छैन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मिलाएर भन्ने) | सक्नुहुन्छ | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

३०. तपाईको परिवारका बालबालिकाहरुले कस्ता प्रकारका बालश्रम गरिरहेका छन् ?

क) बालभरिया ( ) ख) घरेलु बालश्रम अर्काको घरमा काम गर्ने ( )

ग) होटल/पसलमा काम गर्ने ( ) घ) यातायात ( )

ङ) कारखाना/उद्योग ( ) च) अन्य ( )

३१. बालबालिकाहरु घरबाहिर काम गरेको भए गरेको ठाउँमा के कस्तो समस्या भोग्ने गरेका छन् ?

कं) गाली/गलौज ख) कुटपिट ग) खानामा भेदभाव घ) यौन शोषण ङ) मनोवैज्ञानिक तनाव च) खेल्नमा भेदभाव वा खेल्न नदिने छ) अन्य....................

३२. तपाईंको परिवारमा बालबालिकाले कमजोरी गरेमा के गर्नु हुन्छ ?

क) गाली ख) कुटपीट ग) खानामा बन्देज घ) कोठामा थुन्ने

ड) सम्झाउने च) हेप्ने, निन्दा गर्ने वा मनोवैज्ञानिक तनाव दिने छ) अन्य ..............

३३. तपाईंको घरमा छोरा र छोरीमा कुनै फरक व्यवहार गर्ने गर्नुभएको छ ?

छ) छैन)

यदि छ भने,

क) शिक्षामा ख) खानपिनमा ग) घरेलु काममा घ) पोशाकमा ङ) अन्य..............

३४. तपाईंको परिवारका बालबालिकाहरुले विद्यालयमा गल्ती गरेमा बिद्यालयमा निम्न यातना पाउने गरेका छन् ?

क) कान समातेर उठ्बस् ख) कुटपीट ग) कक्षा कोठाबाट निष्कासन

घ) बेन्चमा उभ्याउने घ) शौचालयमा थुन्ने ङ) गालि गर्ने च) हेप्ने, निन्दा गर्ने वा मनोवैज्ञानिक तनाव दिने छ) अन्य...........

३५. तपाईंको परिवारको बालबालिकाहरुमा यौनशोषणको कुनै घटना घटेको छ ?

क) छ ख) छैन

३६. एक वर्षभित्र तपाईंको परिवारमा महिला तथा बालबालिका उपर हिंसा तथा सामाजिक कुरिती सम्बन्धी निम्न कुनै घटना घटेका छन/छैनन् ?

क) दाईजोसम्बन्धी  ख) वहुविवाह  ग) घरायसी हिंसा  घ) बालविवाह

ङ) बलात्कार  च) महिला/बालबालिका बेचविखन  छ) छाउपडी  ज) वहुपतिप्रथा  झ) देउकी  ञ) कुनै पनि घटना नघटेको

३७. तपाईंको परिवारका कुनै बालबालिका बालगृह वा कुनै संस्थामा बसेका छन् ?

क) छन्  ख) छैनन्

यदि छन् भने

| उमेर | लिंग | वसेको संस्था | | | ठाउको नाम | यहा वसेको कति वर्ष भयो | यहा राख्नाको कारण के हो | तपाई आफ्नो वच्चालाई वर्षको कति पटक भेट्न पाउनुहुन्छ |
|---|---|---|---|---|---|---|---|---|
| | | बाल गृह | होस्टल | बोर्डिङ्ग स्कूल | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३८. तपाईंको परिवारका कुनै बालबालिका सडक बालबालिकाको रुपमा रहेका छन् ?

क) छन्  ख) छैनन्

यदि छन् भने

| उमेर | लिंग | वसेको ठाउको नाम | घर छोडेर गएको कति वर्ष भयो | घर छोड्नाको कारण के हो | तपाई आफ्नो वच्चालाई वर्षको कति पटक भेट्न पाउनुहुन्छ |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३९. तपाईंलाई बाल अधिकारको बारेमा जानकारी छ ?

क) छ		ख) छैन		ग) केही कुरा सुनेको छु

४०. तपाईंको परिवारका कुनै बालबालिकामा लागू पदार्थ दुर्व्यसनको लत रहे नरहेको स्थिति के छ ?

| लिङ्ग | धुम्रपान गर्ने संख्या | नसालु पदार्थ सेवन गर्ने संख्या | कुनै पनि लत नरहेको संख्या | जम्मा संख्या |
|---|---|---|---|---|
| बालक | | | | |
| बालिका | | | | |
| तेस्रो लिङ्गी | | | | |

४१. तपाईंले बालबालिकालाई वर्षमा कति जोर लुगा दिनुहुन्छ ? (सरदर)

क) १ जोर		ख) २ जोर	ग) ३ जोर	घ) ४ जोर वा सोभन्दा बढी

४२. बालबालिका बस्ने, पढ्ने कोठा अलग्गै छ ?

क) छ		ख) छैन

४३. मानिस बस्ने घर (मूल घर) र गाईवस्तुहरु बाँध्ने गोठ अलग्गै छ ?

क) छ		ख) छैन		ग) गोठ अलग्गै भए पनि गोठमाथि पनि सुत्ने गरेको छ

४४. तपाईंको परिवारमा बाल विकास केन्द्र वा पूर्व प्रा.वि. तहमा जाने ३ देखि ४ वर्षसम्मका बालबालिका संख्या कति छ

| बालक | बालिका | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|
| | | | |

४५. परिवारको शैक्षिक स्थिति

| उमेर समूह | लेखपढ गर्न नसक्ने/ निरक्षर | | लेखपढ गर्न सक्ने /साक्षर | | एस. ई.ई. वा सो सरह पास गरेका संख्या | | माध्यमिक वा १०+२ वा सो सरह उत्तीर्ण गरेको | | स्नातक (बि. ए. वा सो सरह) तह पास गरेका | | स्नातकोत्तर (एम. ए. वा सो सरह) तह पास गरेका | | विद्यावारिध (पि. एच. डी.) हासिल गरेका | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ६ - १८ वर्ष | | | | | | | | | | | | | | |
| १९ - ४५ वर्ष | | | | | | | | | | | | | | |
| **४६ - ६० वर्ष** | | | | | | | | | | | | | | |
| **६० वर्षभन्दा माथि** | | | | | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | | | | | |

४६. विद्यालयस्तरमा अध्ययन गरिरहेका बालबालिकाको विवरण

| **अध्ययनरत तह** | प्रारम्भिक बालविकास केन्द्रमा जाने बालबालिकाको संख्या | | | गाउँपालिका वा नगरपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत संख्या | | | गाउँपालिका वा नगरपालिका वाहिरका विद्यालयमा अध्ययनरत संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| कक्षा पाँचसम्म | | | | | | | | | | | | |
| आधारभुत तह (कक्षा ८) | | | | | | | | | | | | |
| कक्षा दशसम्म | | | | | | | | | | | | |
| माध्यामिक तह ( कक्षा १२) | | | | | | | | | | | | |

४७. घरबाट विद्यालय जान लाग्ने समय (उपयुक्त महलमा ✓ चिन्ह लगाउनु होला)

| विद्यालय | १५ मिनेट भन्दा कम | १५-३० मि.सम्म | ३० मि.- १ घण्टा | १ घण्टाभन्दा बढी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| कक्षा पाँचसम्म | | | | |
| आधारभुत तह (कक्षा ८) | | | | |
| कक्षा दशसम्म | | | | |
| माध्यामिक तह ( कक्षा १२) | | | | |

४८. तपाईको बालवालिका पढ्ने विद्यालयमा बालमैत्री शौचालय छ ?

क) भएको सख्या वा छ ( ) ख) नभएको सख्या वा छैन( )

४९. तपाईंको परिवारका बालबालिका पढ्ने विद्यालयमा अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षाको सुविधा छ ?

क) छ ख) छैन ग) थाहा छैन

५०. विद्यालय भर्ना नभएका बालबालिकाको संख्या

| **विवरण** | कक्षा ५ सम्म (५-९ वर्ष) | | | आधरभूत तह (कक्षा ८) उमेर समूह (१०-१४ वर्ष) | | | माध्यमिक उमेर समूह (१५-१८ वर्ष) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बलिका | जम्मा | बालक | वालिका | जम्मा | बालक | वालिका | जम्मा |
| **सामान्य क्षमता** | | | | | | | | | |
| **अपांगता भएका** | | | | | | | | | |

५१. बीचैमा विद्यालय जान छोडेका ६ - १५ वर्ष उमेर समूहका बालबालिकाहरुका संख्या र कारण

| **बालक** | बलिका | जम्मा | विद्यालय जान छोड्नुको कारण |
|---|---|---|---|
| | | | |

५२. अनौपचारिक शिक्षामा बाल (विद्यालय शिक्षाबाट वंचित (१० देखि १४ वर्ष सम्मका)) सहभागिता

| अनौपचारिक शिक्षा लिइरहेका | संख्या |
|---|---|
| बालक | |
| बालिका | |
| जम्मा | |

५३. परिवारमा बालबालिकासँग सम्बन्धित कुनै विषयमा निर्णय गर्दा उनीहरुलाई पनि सहभागी गराउने गर्नु भएको छ ?

क) गराउने गरेको छ                ख) गराउने गरेको छैन

५४. तपाईंको परिवारका बालबालिकाहरु बाल क्लव/संगठन आदिमा आबद्धता रहेका छन् ?

(सकेसम्म सम्बन्धित बालबालिकाहरुसँग पनि सोध्ने)

| लिङ्ग | स्कुलमा आधारित | समुदायमा आधारित | श्रमिक बाल क्लव | आबद्ध नभएको |
|---|---|---|---|---|
| बालक | | | | |
| बालिका | | | | |

५५. तपाईका घरका १८ वर्षभन्दा कम उमेरका कतिजना बालबालिका देहायको निकायमा प्रतिनिधि वा सदस्य रहेका छन् ?

| लिंग | स्थानीय तह/ योजना तर्जुमा वा कार्यान्वयन समिति | वडा नागरिक मञ्च | विद्यालय/ स्वास्थ्य संस्था व्यवस्थापन समिति | बाल संरक्षण समिति | बाल समूह वा बाल क्लव, बालमैत्री स्थानीय शासन समिति वा बाल संजाल |
|---|---|---|---|---|---|
| बलक | | | | | |
| बलिक | | | | | |
| जम्मा | | | | | |

५६. तपाईको परिवारका कुनै सदस्य स्थानीय कुनै संघसंस्था वा समूहमा आवद्ध हुनुहुन्छ ?

क) सामुदायिक संस्था ख) कृषक समूह

ग) सामुदायिक वन उपभोक्ता समूह घ) सहकारी संस्था

ङ) नागरिक सचेतना केन्द्र च) परम्परागत समूह

छ) अन्य (नागरिक मञ्च, विभिन्न समिति...) ज) प्यारालिगल कमिटि झ) कुनैमा पनि नरहेको

५७. तपाई कहिल्यै प्यारालिगल कमिटिमा जानु भएको छ ?

यदि छ भने किन?

(क) कमिटिले संचालन गर्ने जनचेतनामुलक कार्यक्रममा भाग लिन (ख) बाल विवाह, बालवालिकामाथि भएका दुर्व्यवहार, बाल हिंसा, बालश्रम जस्ता विषयमा उजुर गर्न (ग) महिलामाथि हुने हिंसा र दुर्व्यवहार सम्वन्धी विषयमा उजुर गर्न

यदि तपाईले कुनै उजुर गर्नु भएको भए प्यारालिगल कमिटिको काम कारवाहिप्रति तपाई सन्तुष्ट हुनहुन्छ?

(१) छु (२) छैन

५८. परिवारका सदस्यहरुको जनचेतनामूलक तालीम (स्वास्थ्य, सुरक्षित मातृत्व, परिवार नियोजन, सशक्तीकरण, लैंगिक समविकास,

बाल विकास, संस्थागत नेतृत्व, खानेपानी तथा सरसफाई, उपभोक्ता समिति, बाल अधिकार, बाल संरक्षण, आदि) प्राप्त गरेको विवरण

| तालिमको नाम | ३ दिनसम्मको तालिम प्राप्त संख्या | | | ३ देखि ७ दिनसम्मको तालिम प्राप्त संख्या | | | १ देखि ४ हप्तासम्मको तालिम प्राप्त संख्या | | | ४ हप्ताभन्दा बढी अवधिको तालिम प्राप्त संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

५९. परिवारका सदस्यहरुको व्यवसायिक *(जे.टि.ए. कृषि वा पशु, विद्युत जडान, कम्प्युटर, मेकानिक्स, सिलाई वुनाई, आदि)*तालिम प्राप्त गरेको विवरण

| तालिमको नाम | १ महिनाभन्दा कम अवधिको तालिम प्राप्त वा प्रारम्भिक तहको प्राविधिक | | | १ देखि ६ महिनासम्म अवधिको तालिम प्राप्त वा पहिलो तहको प्राविधिक | | | ६ देखि १२ महिनासम्मको तालिम प्राप्त वा दोस्रो तहको प्राविधिक | | | १२ महिनाभन्दा वढी अवधिको तालिम प्राप्त वा तेस्रो तह भन्दा माथिको प्राविधिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

६०. परिवारको मुख्य पेशा : (एकमा मात्र चिन्ह लगाउने)

क) कृषि/पशुपालन/फलफूल खेती   ख) व्यापार व्यवसाय   ग) सेवा/नोकरी

घ) ज्याला/मजदुरी   ङ) विप्रेषण (विदेशबाट पठाएको रकम)   च) अन्य

६१. आजभन्दा पाँच वर्ष पहिले तपाईंको परिवारको बसोवास कहाँ थियो ?

क) अन्यत्र स्थानमा   ख) यसै स्थानमा

अन्यत्र स्थानबाट आएको भए यहाँ किन आउनु भएको ?

क) सहरी सुविधाको लागि   ख) द्वन्दका कारण   ग) खेतीपाती गर्न   घ) व्यापार व्यवसाय गर्न

ङ) बैवाहिक सम्बन्ध भएर   च) रोजगारीका लागि   छ) प्राकृतिक विपत्तिबाट   ज) अन्य .. . .. .. . . ..

६२. घरको अवस्था : (एकभन्दा बढी घर भएमा मूल घरको विवरणका आधारमा चिन्ह लगाउने)

क) खर वा फुसको छानो भएको   ख) टायल, झिँगटी वा स्लेटको छानो भएको

ग) जस्ता पाताको छानो भएको   घ) घर ढलान भएको

६३. तपाईको घरमा वत्तीको मुख्य स्रोत के हो ?

क) मट्टीतेल ( )   ख) जेनेरेटर ( )

ग) गोवरग्याँस ( )   घ) सोलार ( )

ङ) पानी घट्ट तथा लघु जलविद्युत   च) राष्ट्रिय प्रसारणको विजुली ( )

छ) अन्य ........................................

६४. तपाईंको घरमा खाना पकाउन प्रयोग हुने प्रमुख इन्धन कुन हो ?

क) दाउरा   ख) गुइठा   ग) गोवरग्याँस   घ) मट्टीतेल

ङ) एल.पि. ग्याँस    च) विद्युत    छ) अन्य

६५. तपाईंको घरमा कस्तो प्रकारको चुल्हो प्रयोग गर्नुहुन्छ ?

क) अँगेनो वा माटोको चुल्हो    ख) धुँवारहित चुल्हो    ग) भुसे चुल्हो    घ) मट्टितेल स्टोभ

ङ) ग्याँस चुल्हो    घ) विद्युत चुल्हो (हिटर)    च) अन्य ..........................

६६. तपाईंको घरमा संचारका साधनहरु के के रहेका छन् ? (वहु उत्तर)

क) रेडियो    ख) टि.भि.    ग) टेलिफोन    घ) मोबाइल    ङ) इमेल/इन्टरनेट

च) नियमित आउने पत्रपत्रिका    च) अन्य ....................................

६७. तपाईंको परिवारका सदस्यहरु कुन कुन पेशा (रोजगारी) मा संलग्न हुनुहुन्छ ?

| उमेर समूह | कृषि (खेती तथा पशुपालन) | | | व्यापार | | | जागिर (सेवा) | | | ज्याला मजदुरी | | | उद्योग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १६-१८ | | | | | | | | | | | | | | | |
| १९-२४ | | | | | | | | | | | | | | | |
| २५-४० | | | | | | | | | | | | | | | |
| ४१-६० | | | | | | | | | | | | | | | |
| ६० भन्दामाथि | | | | | | | | | | | | | | | |

६८.तपाईंको परिवारका कुनै सदस्य रोजगारीका लागि घरबाट विदेश गएका छन् भने तलको विवरण दिनुहोस् :

| विदेश गएकाको संख्या | | | गएको मुलुकको नाम | | गएको अवधि (वर्षमा) | |
|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | भारत | अन्य (खुलाउने) | ५ भन्दा कम | ५ भन्दा बढी |
| | | | | | | |

६९. तपाईंको परिवारमा १८ वर्षभन्दा कम उमेरका शारीरिक तथा मानसिक हिसाबले अपांगता भएका सदस्यहरु भएमा तलको

विवरण दिनुहोस् ।

| भिन्न क्षमताको विवरण | बालिका | बलक | जम्मा |
| --- | --- | --- | --- |
| शारीरिक अपाङ्गता | | | |
| दृष्टिविहिन र न्यून दृष्टिविहिन | | | |
| स्वर बोलाईसम्बन्धी अपांगता | | | |
| सुस्त श्रवण तथा बहिरा | | | |
| मानसिक/बौद्धिकअपाङ्गता | | | |
| श्रवण र दृष्टिविहिन (दुवै) | | | |
| बहु अपांगता | | | |
| जम्मा | | | |

७०. तपाईंको परिवारको वार्षिक आम्दानी र खर्चको विवरण दिनुहोस् ।

| क.सं. | आम्दानीको स्रोत | रकम रु. | | क.सं. | खर्च विवरण | रकम रु. |
| --- | --- | --- | --- | --- | --- | --- |
| १ | कृषि तथा पशुपालन | | | १ | खाना खर्च | |
| २ | व्यापार तथा उद्योग | | | २ | लत्ता कपडा | |
| ३ | नोकरी तथा पेन्सन | | | ३ | शिक्षा | |
| ४ | वैदेशिक रोजगार | | | ४ | स्वास्थ्य उपचार खर्च | |
| ५ | ज्याला मजदुरी | | | ५ | चाडपर्व, विवाह खर्च तथा मनोरञ्जन | |
| ६) | घरभाडा | | | ६) | महसूल भुक्तानी खर्च ( विद्युत, सञ्चार, खानेपानी,आदि | |
| ७) | अन्य | | | ७ | अन्य | |
| | जम्मा | | | | जम्मा | |

७१. तपाईंको परिवारलाई आफ्नो उत्पादन/आम्दानीले वर्षमा कति महिना खान पुग्छ ?

क) ३ महिनाभन्दा कम खान पुग्ने

ख) ३ - ६ महिना खान पुग्ने

ग) ६ - ९ महिना खान पुग्ने घ) ९ - १२ महिना खान पुग्ने

ङ) वचत हुने

७२. तपाईको परिवारमा कसैले ऋण लिएको छ ?

१. छ २. छैन

यदि छ भने ऋण कहाँबाट लिनुभयो ?

क) बैंक वा वित्तीय संस्था ख) सहकारी संस्था ग) समूह वा सामुदायिक संस्था

घ) साहु महाजन ङ) अन्य .........................

७३. ऋण लिएको भए कुन उद्देश्यका लागि लिनु भएको हो ?

क) घरायसी कार्य वा घर खर्च ख) कृषि तथा पशुपालन व्यवसाय गर्न

ग) उद्योग व्यापार घ) बैदेशिक रोजगारी

ङ) सामाजिक तथा धार्मिक कार्य गर्न च) शिक्षा

छ) औषधि उपचार ज) विवाह, व्रतवन्ध वा यस्तै व्यावहारिक खर्च

झ) गोवर ग्याँस, सोलार, विजुली आदि राख्न झ) अन्य ..................................

७४. तपाईंको परिवारमा निम्न कार्यहरु प्राय: कसले गर्दछ ?

| कार्य | महिला | पुरुष |
|---|---|---|
| घर व्यवहारसम्बन्धी विषयमा निर्णय | | |
| घरायसी काममा संलग्न | | |
| बैंकमा खाता संचालन | | |
| उपभोक्ता समितिमा सहभागिता | | |
| विद्यालय व्यवस्थापन समितिको पदाधिकारीका रुपमा सहभागिता | | |
| उद्योग व्यापारमा सहभागिता | | |

७५. तपाईको वार्षिक रुपमा अन्नवाली, तरकारी वाली, फलफूल आदि उत्पादनको अवस्था के कस्तो छ ?

| बाली/उत्पादन समूह | आर्थिक वर्ष (२०६....) | |
|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | उत्पादन (क्विन्टल) वा रु. |
| अन्न बाली (धान, गहुँ .....) | | |
| | | |
| | | |
| | | |
| दलहन बाली (मास, मसुरो ....) | | |
| | | |
| | | |
| तेलहन बाली (तोरी, सूर्यमुखी ....) | | |
| | | |
| | | |
| तरकारी (आलु, प्याज, काउली, ......) | | |
| | | |
| | | |
| | | |
| नगदे बाली (उखु, सूर्ती, जुट, अलैची, ...) | | |
| | | |
| | | |
| फलफूल खेती (केरा,स्याउ,आँप,सुन्तला ...) | | |
| | | |
| घासे बाली | | |
| डाले घाँस | | |
| भुईं घास | | |

| | | |
|---|---|---|
| रेशम खेती | | |
| जडिवुटी खेती | | |
| अन्य | | |

७६. परिवारको पशु धन तथा सोबाट हुने उत्पादन :

| क. सं. | किसिम | संख्या | | | उत्पादन | | |
|---|---|---|---|---|---|---|---|
| १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दूध लि. | मासु केजी | उन केजी |
| | गाई गोरु | | | | | | |
| | चौंरी याक | | | | | | |
| | भैंसी राँगा | | | | | | |
| | घोडा खच्चर | | | | | | |
| | वाखा | | | | | | |
| | भेडा च्यांग्रा | | | | | | |
| | सुँगुर वंगुर | | | | | | |
| | अन्य............ | | | | | | |
| | अन्य .......... | | | | | | |
| २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा सख्या | | मासु केजी |
| | कुखुरा | | | | | | |
| | हाँस | | | | | | |
| | अन्य ................ | | | | | | |
| ३ | माछा | | | | केजी | | |
| | मौरी घार | | | | मह केजी | | |
| ४ | अन्य ............ | | | | | | |
| | अन्य ............. | | | | | | |

७७. विगत ३ वर्ष भित्रमा तपाईंको परिवारमा कति मानिसहरु प्रकोपवाट प्रभावित भएका छन् ?

क) प्रभावित संख्या

| वस्ती क्रम संख्या (कोड) | गत ३ ......... बर्षभित्र प्रकोपबाट पिडित परिवार संख्या | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | पहिरो | असिना | हुरीबतास | आगलागी | भूकम्प | खडेरी | अतिबृष्टी | महामारी | सलह किरा आदी | अन्य प्रकोप | |
| | | | | | | | | | | | | |

(ख) प्रकोपबाट नोक्सानी (अन्दाजीरु)

(ग) तपाईको बालबालिका पढन् विद्यालय कुन प्रकोपको जोखिममा रहेको छ

क. बाढी ख. पहिरो ग. भूकम्प घ. आगलागी ङ. अन्य

(घ) विद्यालय जाँदा आउँदा बालबालिकालाई के को जोखिम रहेको छ

क. बाढी ख. पहिरो ग. वन्यजन्तु घ. भीरबाट लडने ङ. अन्य

**<u>यति धेरै सूचना दिनु भएकोमा धन्यवाद ।</u>**

सूचनादाताको नाम सूचना संकलकको नाम प्रमाणित गर्नेको नाम

सही सही सही

सूचना लिएको मितिः

अनुसूचीः २

बालमैत्री स्थानीय शासन गाउँ तथा नगरको वस्तुस्थिति विवरणको विषय सूची (प्रोफाईलको ढाँचा)

(दफा १० (३) ख सँग सम्बन्धित)

(क) प्रोफाइलको कभरपृष्ठ

(ख) गाउँपालिका/नगरपालिकाको नक्सा

(ग) मन्तव्य (आवश्यक भएमा)

**<u>१. गाउँपालिका/नगरपालिकाको परिचय</u>**

१.१ गाउँपालिका/नगरपालिकाको भौगोलिक अवस्थिति

१.२ हावापानी, भू-उपयोग

१.३ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

१.४ गाउँपालिका/नगरपालिकाको आर्थिक अवस्था

१.५ गाउँपालिका/नगरपालिकाका बासिन्दाहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

१.६ विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू

**<u>२. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र</u>**

२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

२.२ विद्यमान ऐन नियममा बालबालिकासम्बन्धी भएको व्यवस्था

२.३ जिल्ला, नगर तथा गाउँस्तरीय योजनामा बालबालिकासम्बन्धी भएको व्यवस्था

२.४ बाल समूह वा बाल क्लबहरू

२.५ बालमैत्री गाउँपालिकाको अवधारणा

२.६ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

२.७ बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता)

२.८ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरू

२.९ बालमैत्री सुशासनयुक्त गाउँपालिकाको स्थापनाका लागि अवसर र सम्भावनाहरू

**<u>३. जनसंख्या</u>**

३.१ उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

३.२ मातृभाषाका आधारमा जनसंख्या

३.३ जनसंख्या वृद्धिदर

३.४ जन्म दर्तासम्बन्धी विवरण

३.५ बाल विवाहको अवस्था

३.६ परिवार संख्या र प्रतिपरिवार औसत बालबालिका संख्या

**<u>४. बाल तथा मातृ स्वास्थ्य</u>**

४.१ सुरक्षित मातृत्व कार्यक्रम

४.२ खोप लगाउने बालबालिकासम्बन्धी विवरण

४.३ बालबालिकामा पोषणको स्थिति

४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरू र तिनको उपचार व्यवस्था

४.५ परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण

४.६ प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरूको विवरण

४.७ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण

४.८ नियमित रूपमा तौल लिइएका बालबालिकासम्बन्धी विवरण

४.९ भिटामिन "ए" तथा जुकाको औषधि खाएका बालबालिकासम्बन्धी विवरण

४.१० आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवारसम्बन्धी विवरण

४.११ सार्वजनिक तथा निजी चर्पी र सरसफाईसम्बन्धी विवरण

४.१२ खानेपानीको स्रोत तथा उपलब्धतासम्बन्धी विवरण

**<u>५. शैक्षिक अवस्था</u>**

५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

५.२ शैक्षिक संस्थाहरूको विवरण

५.३ छात्रछात्राको विवरण

५.४ विद्यार्थी भर्ना दर

५.५ कक्षा दोहोऱ्याउने विद्यार्थीसम्बन्धी विवरण

५.६ छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण

५.७ तहगत रूपमा कुल शिक्षकसम्बन्धी विवरण (शिक्षक शिक्षिका विवरण)

५.८ शिक्षकको तालिमसम्बन्धी विवरण

५.९ गाउँपालिकास्तरमा विद्यार्थी र शिक्षकको अनुपात

५.१० विद्यालयमा खानेपानीको सुविधा

५.११ छात्रछात्राको लागि शौचालयको व्यवस्था

५.१२ कक्षा कोठा, फर्निचर, खेल मैदानसम्बन्धी विवरण

५.१३ विद्यालय जान लाग्ने समय

५.१४ बिद्यालय जान छोड्नेहरूसम्बन्धी विवरण

५.१५ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

**<u>६. बाल संरक्षण</u>**

६.१ द्वन्द्व पीडित तथा जोखिममा परेका बालबालिकासम्बन्धी विवरण

६.२ विस्थापित बालबालिकासम्बन्धी विवरण

६.३ बालश्रमिकसम्बन्धी विवरण

६.४ बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी विवरण

६.५ सडक बालबालिकाको विवरण

६.६ कुलतमा लागेका बालबालिकाको विवरण

६.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

६.८ खाद्यान्न संकटमा परेका बालवालिकाको विवरण

६.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण

६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

**<u>७. आर्थिक विकास</u>**

७.१ पेशा तथा रोजगारीको अवस्थासम्बन्धी विवरण

७.२ युवा रोजगारीसम्बन्धी विवरण

७.३ रोजगारीका लागि विदेशमा गएकाहरूको विवरण

७.४ दैनिक कार्य घण्टा विवरण (महिला, पुरुष)

**<u>८. प्रकोप तथा शान्ति सुरक्षा</u>**

८.१ प्रकोपको विवरण

८.२ प्रकोपबाट भएको क्षतिको विवरण

८.३ बाल अपराधको विवरण

## अनुसूचीः ३

## बालबालिकाहरूका लागि स्थानीय विकास योजना तर्जुमाको खाकामा समावेश हुनुपर्ने महत्त्वपूर्ण बुंदाहरू

(दफा १० (६) सँग सम्बन्धित)

१ सन्दर्भ

- बाल अधिकारको मौजुदा अवस्था ।
- स्थानीय स्वशासनका मूल पक्ष ।
- बाल अधिकारसम्बन्धी स्थानीय सरकारको एजेण्डा ।
- लगानीको स्रोत ।
- बाल संवेदनशील सामाजिक सुरक्षाको व्यवस्था।
- सार्वजनिक सेवासम्बद्ध कर्मचारीको क्षमता ।
- नागरिक समाजद्वारा सहभागिता ।

२ प्रक्रिया

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानूनमा उल्लेखित सहभागितात्मक योजना पद्धति सम्बन्धी प्रमुख बुँदाहरू ।
- बाल अधिकारसम्बन्धी ऐनमा उल्लेखित सान्दर्भिक दफाहरू ।
- बालबालिकासम्बन्धी कानूनहरूका सान्दर्भिक दफाहरू ।
- अन्तरिम योजनाका नीतिगत तथा कार्यगत प्रावधानहरू ।
- गाउँपालिका तथा नगरपालिकाले बनाएको लगानी सम्बन्धी मापदण्ड उल्लेखित कार्यहरू र लगानीको व्यवस्था ।
- विद्यालय क्षेत्र गूरु योजना, विद्यलाय क्षेत्र सुधार योजनामा भएका प्रावधानहरू।
- बालमैत्री स्थानीय शासन सम्बन्धमा भएका प्रमुख उपलब्धिहरू(बाकसमा राखी उजागर गर्ने) ।

३ विषयबस्तु

- बस्तुस्थिति पहिचान र समस्यासँग सम्बन्धित ।
- दिगो विकास लक्ष्य (बाल अधिकारसम्बन्धी) को परिमाणात्मक लक्ष्यलाई योगदान पुग्ने बुँदाहरू।
- समावेशी पक्ष, सहभागिताको प्रक्रियाको विवरण ।
- लक्ष्य र परिणाम, नतिजा प्राप्तिमा सघाउ पुग्ने ।
- बाल क्लब, बाल विकास केन्द्र, सामुदायिक संस्थाले गरेका प्रमुख र उत्तरदायी कामहरू ।
- बालबालिका र आमाको सर्वोत्तम हितका लागि लगानी प्रवर्द्धनका उपलब्धिहरू ।

४ बजेट

- योजनाको लागि आवश्यक बजेट
- बजेटको उपलब्धता
- बजेटको स्रोत

- बजेट न्यून हुने अवस्था र पूर्ति हुन सक्ने सम्भावित क्षेत्रहरू

५ उपलब्धि

- परिणाम/नतिजा
- प्रभाव
- सामाजिक परीक्षण र सार्वजनिक सुनुवाईको प्रवन्ध

**६ योजना कार्यान्वयन**

- क्रियाकलाप योजना
- जिम्मेवारी तालिका
- समीक्षा
- प्रतिवेदन
- अनुगमन तथा मूल्याङ्कन
- पृष्ठपोषण

७ तर्कवद्ध योजनाको नमुना खाका

तर्कवद्ध योजना विश्लेषण एउटा विश्लेषणात्मक प्रविधि हो जसले योजना/आयोजनाको लक्ष्य, उद्देश्य, प्रतिफल तथा तिनीहरू बीचको कारण असर सम्बन्धलाई पहिचान गर्न मद्दत गर्दछ । यो ४×४ को महल र खाकाहरूमा निर्माण गरिन्छ । यसको नमुना तल दिइएकोछः

| विवरणात्मक संक्षेप | सूचक | पुष्टयाइँका आधारहरू | पूर्वानुमान वा जोखिम |
|---|---|---|---|
| लक्ष्य | | | |
| उद्देश्य | | | |
| नतिजा /प्रतिफल | | | |
| क्रियाकलाप | | | |
| | लगानी | | |

**अनुसूची :४**

## कार्यक्रमको अनुगमन फारम

(दफा १३ (३) सँग सम्बन्धित)

### १ केन्द्रले गर्ने अनुगमन सम्बन्धी फारमको ढाँचा

| क.सं. | जिल्ला | कार्यक्रम लागू भएका गाउँपालिकाहरु | स्वीकृत बजेट (रु.) | स्वीकृत बजेटमध्ये स्थानीय तहको योगदान | हालसम्मको खर्च (रु.) | लाभान्वित बालबालिका संख्या | | | उपलब्धि (गुणात्मक तथा संख्यात्मक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बलक | बालिका | जम्मा | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बाल सहभागिता कस्तो छ ?

अनुगमनकर्ताको सुझाव:

अनुगमनकर्ताको नामः संस्थाः पदः

अनुगमन गरेको मितिः अनुगमन प्रतिवेदन पेश गरेको मितिः प्रतिवेदन पेश गरेको कार्यालय/निकाय

अनुगमनकर्ताको दस्तखतः

## २ जिल्लाले गर्ने अनुगमन सम्बन्धी फारमको ढाँचा

| क्र. सं. | गाउँपालिका/नगरपालिका | कार्यक्रमको विवरण | स्वीकृत बजेट (रु.) | स्वीकृत बजेट मध्ये गाउँपालिका/नगरपालिकाको योगदान | हाल सम्मको खर्च (रु.) | लाभान्वित बालबालिका संख्या | | | उपलब्धि ( गुणात्मक तथा संख्यात्मक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बालक | बालिका | जम्मा | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बाल सहभागिता कस्तो छ ?

अनुगमनकर्ताको सुझाव:

अनुगमनकर्ताको नाम : संस्था : पद :

अनुगमन गरेको मिति : अनुगमन प्रतिवेदन पेश गरेको मिति : प्रतिवेदन पेश गरेको कार्यालय/निकाय :अनुगमनकर्ताको दस्तखत :

**३ नगरपालिका/गाउँपालिकाले गर्ने अनुगमन सम्बन्धी फारमको ढाँचा**

| क्र. सं. | वडा नम्बर र समुदाय | कार्यक्रमको विवरण | स्वीकृत बजेट (रु.) | हाल सम्मको खर्च (रु.) | स्थानीय समूह तथा बाल क्लबको लगानी | लाभान्वित बालबालिका तथा क्लबबालक्लब /समूह संख्या | | | उपलब्धि (गुणात्मक तथा संख्यात्मक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बालक | बालिका | जम्मा | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बाल सहभागिता कस्तो छ?

अनुगमनकर्ताको सुझावः.................. .................... ................... .................. ............................ .................... ................ .................
............

.................. .................... ................... .................. ............................ .................... ................ ................. ............

.................. .................... ................... .................. ............................ .................... ................ ................. ............

.................. .................... ................... .................. ............................ .................... ................ ................. ............

अनुगमनकर्ताको नामः संस्थाः पदः

अनुगमन गरेको मितिः अनुगमन प्रतिवेदन पेश गरेको मितिः प्रतिवेदन पेश गरेको कार्यालय /निकाय अनुगमनकर्ताको दस्तखतः

अनुसुची ५

सार्वजनिक परीक्षण गर्दा भर्ने विवरणको ढाँचा

(दफा १३ (७) सँग समबन्धित)

१. कार्यक्रम /योजनाको नामः

क) नामः

ख) स्थलः

ग) लागत अनुमानः

घ) योजना शुरु हुने मितिः

ङ) योजना सम्पन्न हुने मितिः

२. कार्यान्वयन गर्ने निकाय÷सामुदायिक संस्थाको

क) नामः

